लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



क्याटवाकबिच पेभिमोल...पृष्ठ ६

काठमाडौं । वर्ष १५, अंक १९९, काठमाडौं, बुधबार १५ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Wednesday 30 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-

## १९ पुसपछि नाकाबन्दी हट्न सक्छ : ठाकुर

**काठमाडौं/रास-** राई मधेस लोकतान्तिक पार्टीका अध्यक्ष महन्थ ठाकुरले १९ पुसपछि नाकाबन्दी हट्ने संकेत दिएका छन् । पहिलो चरणको



आन्दोलन १९ पुससम्म रहेको भन्दै त्यसपछि बस्ने संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको बैठकमा नाकाबन्दी अन्त्यसहितको विषयमा निर्णय गर्ने ठाकुरको भनाइ छ ।

'मोर्चाले समय-समयमा आन्दोलनको स्वरूप परिवर्तन गर्दै आएको छ । अहिले १९ पुससम्मको कार्यक्रम चलिरहेको छ । त्यसपछि बस्ने मोर्चाको बैठकमा नाकाबन्दी अन्त्यसहितका एजेन्डामा विचार गर्छौं,' रिपोर्टर्स क्लब नेपालले मंगलबार बुझाएको ज्ञापन पत्र बुझ्दै ठाकुरले भने । उनले आफूहरूको ११ बुँदे प्रस्तावमा बुँदागत रूपमा छलफल गर्दै सहमति भएका विषयलाई एकातिर राखेर सहमति नबनेका विषयमा छलफल गर्दै जानुपर्ने भन्दै राज्यले विश्वासिलो वातावरण बनाए तिन महिनामा सीमांकन मिलाउने विषयमा पनि सहमति हुन सक्ने जनाउ दिए ।

'तिन महिनामा सीमांकन मिलाउने विषयमा हामीलाई विश्वास दिलाउन सक्नुपर्‍यो नि ! अहिलेसम्म भएका लिखित सहमतिको उल्लंघन भएको छ । तिन महिना भन्दाभन्दै चार महिना भइसक्यो कुरा मिलाएको भए भइहाल्थ्यो नि ! संविधानको प्रस्तावनादेखि अन्त्यसम्म हामीमाथि विभेदै विभेद छ । त्यहाँ जनयुद्ध राख्न हुने मधेस आन्दोलन राख्न किन नहुने ? यस्तो अवस्थामा कसरी विश्वास गर्नु ? सडकमा पनि पेलिरहेका छन्, संसद्मा पनि पेलिरहेका छन्,' ठाकुरले भने ।

(बाँकी पृष्ठ २ मा)

## पाँच लाख घुससहित पक्राउ

**काठमाडौं/रास-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय डिल्लीबजारका कर्मचारीलाई ५ लाख घुससहित पक्राउ गरेको छ ।

अख्तियारको टोलीले कार्यालयका नायब सुब्बाहरू मुकुन्दराज पाण्डे, एकनारायण अर्याल, पोष्टराज पोखरेल र कार्यालय सहयोगी लहरी कुमाललाई मंगलबार सेवाग्राहीसँग ५ लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा पक्राउ गरेको हो । डिल्लीबजार स्थित क्वालिटी फास्टफुड क्याफेबाट नियन्त्रणमा लिई अनुसन्धान कारबाही भइरहेको आयोगले जनाएको छ ।

काठमाडौं महानगरपालिका-८ गुहेश्वरीस्थित विभिन्न कित्ताको १ सय ३० रोपनी क्षेत्रफल रहेको जग्गामध्ये बाग्मती ढल सुधार आयोजनाले चर्चेको जग्गाबाहेक बाँकी रहेको जग्गाको क्षेत्रफल यकिन गरी पाऊँ भनी दिएको निवेदनउपर नियमानुसार आवश्यक कारबाही नगरी कर्मचारीले सेवाग्राहीसँग घुस माग गरेको आयोगले जनाएको छ ।

# आफ्नै मृत्युको समाचार पढेपछि...



**दिनेश थापा/राजधानी**
सिन्धुपाल्चोक, १४ पुस

ठोकर्पा-३ पहरी बस्तीका ३५ वर्षीय यमबहादुर पहरी केही दिनदेखि चिन्तित छन् । उनको मोबाइलमा एकोहोर फोनको घन्टी बजिरहन्छ र एउटै प्रश्नले उनी हैरान हुन्छन् । उनी सबैलाई एउटै जवाफ दिदाँदिँदा थाकिसके, 'म जिउँदै छु, मलाई केही भएको छैन ।'

जिउँदो मान्छेलाई मरेको भन्ने समाचार सार्वजनिक भएपछि, कस्तो महसुस होला ? हो यस्तै भएको छ अहिले पहरीलाई । ठोकर्पा-३ को पहरी बस्तीमा चिसोका कारण सात भूकम्पपीडितको मृत्यु भएको र मृत्यु हुनेको सूचीमा उनको पनि नाम भएको थाहा पाएपछि यमबहादुर चिन्तित बनेका छन् । आफन्त र नातागोतालाई दैनिकजसो आफूलाई केही नभएको बताइरहेका छन्, उनी । केही दिनअघि उनको घरमा पुग्दा छिमेकीसहित यमबहादुर घरमै थिए, गाउँमै सिकर्मी काम गर्ने यमबहादुर पुसको चिसोले मरेको सूचना केही सञ्चारमाध्यममा आएको थियो । बुधबार बिहान रेडियोमा चिसोले सातजनाको मृत्यु भएको खबर सुने पनि आफ्नै नाम भने उनले याद गरेनन् । दिउँसो काठमाडौंमा रहेका आफन्तले 'तपाईं पनि मरेको भन्ने खबर आएको छ तर तपाईं त फोन उठाइरहनुभएको छ त' भन्दा यमबहादुर चकित भएका थिए । उनको गाउँमा यमबहादुर नाम गरेको चारजना छन्, न आफूबाहेक अरू नै यमबहादुरको मृत्यु भएको हो कि भनेर उनले सोधीखोजी पनि गरे । उनले भने, 'यमबहादुर नाम गरेका सबै सकुशल पाएँ,' उनले थपे, 'मेरो कसैसँग रिसइबी पनि छैन, गाउँमै बस्ने कृषक हो तर किन मलाई मर्‍यो भनेर समाचार बनाए ? निकै दुःख लागेको छ ।'

अघिल्लो वर्षको तुलनामा यो वर्ष अत्यधिक चिसो बढेको भने उनले पनि अनुभव गरेका छन् । तर, भूकम्पपछि मान्छेको मृत्यु सबै चिसोले भएको भन्ने हल्ला मात्रै भएको उनी बताउँछन् । यमबहादुरले भने, 'जेठयता हाम्रो गाउँमा सातजनाको मृत्यु भएको हो । तर, सबै चिसोले मरेका होइनन् ।' जिउँदो मान्छे मरेको भनेर खबर आएपछि उनका छिमेकीहरू पनि दुःखी छन् । छिमेकी कानो पहरी भन्छन्, 'मेरो छोराको नाम पनि यमबहादुर नै हो तर उसलाई पनि केही भएको छैन ।' कानोले प्रश्न गरे, 'यसरी जिउँदो मान्छेलाई मरेको भन्नेलाई कारबाही हुन्छ कि हुँदैन ?'

भूकम्पपछि ठोकर्पामा केही स्थानीयको मृत्यु भए पनि चिसोका कारण कसैको पनि मृत्यु नभएको ठोकर्पा गाविस कार्यालयका सहायक कुलप्रसाद सापकोटाले जानकारी दिए । 'ठोकर्पा-३ पहरी गाउँमा जेठयता केही व्यक्तिको मृत्यु भएको छ, बच्चाको पनि मृत्यु भएको छ तर सबै चिसोका कारण होइन,' कार्यालय सहायक सापकोटाले भने ।

चिसोका कारण भूकम्पपीडितहरूको मृत्यु भएको खबर आएपछि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले समेत विज्ञप्ति प्रकाशन गरेर मृत्यु हुनेहरू सबै कालगतीले मरेको जानकारी गराएको थियो । प्रशासनले निकालेको विज्ञप्तिमा चिसोले मृत्यु भएका भनिएकामध्ये दुईजना जीवितै रहेको उल्लेख छ ।

# प्रादेशिक संरचनाको गृहकार्यमा कांग्रेस

## उमेर हद ७० वर्ष तोक्न दबाब

**भुवन शर्मा/राजधानी**
काठमाडौं, १४ पुस

नेपाली कांग्रेस आगामी १३औं महाधिवेशनपछि प्रदेशात्मक सांगठनिक संरचनामा जाने भएको छ । कांग्रेसको विधानमै अब प्रदेश समितिको अवधारणा आउन लागेको हो ।

कांग्रेसमा विधान संशोधनका लागि प्रस्ताव गर्न बनेको विधान संशोधन समितिले प्रदेशात्मक संरचनामा जाने गरी गृहकार्य अघि बढाएको छ । प्रदेशको संख्याअनुसार कांग्रेसको नयाँ विधानमा प्रदेशात्मक समिति गठन हुने भएका छन् । प्रदेशात्मक समितिको गठन पनि चुनावबाटै हुनेछ । विधान संशोधन समितिले पार्टीको संरचनालाई प्रदेशात्मक संरचनामा लैजानका लागि अन्य गृहकार्य र अध्ययन सुरु गरेको विधान

नेपाली कांग्रेस
१३औं महाधिवेशन

संशोधन समितिका सदस्यहरूले बताएका छन् । यसका लागि समितिले पार्टीको भ्रातृ संगठन, शुभेच्छुक संगठन, पेसागत संगठनलगायतका शुभचिन्तकहरूसँग सार्वजनिक रूपमा सुझाव मागेको छ । विधान संशोधन समितिका बैठक यतिखेर प्रायः दिनहुँ बस्ने गरेका छन् । 'अब कांग्रेसको संगठनात्मक संरचना प्रदेशात्मक हुनेछ । प्रदेशात्मक संरचनामा पार्टीलाई लैजाने गरी विधान संशोधनका लागि गृहकार्य र तयारी सुरु गरेका छौं,' विधान संशोधन समितिका सदस्य-सचिव जीवन परियारले राजधानीसँग भने । १३औं महाधिवेशनपछि कांग्रेस प्रदेशात्मक संरचनामा जाने भए पनि १३औं महाधिवेशन भने अहिलेको संरचनाबाटै हुनेछ । १३औं महाधिवेशनमा भाग लिने प्रतिनिधिहरू वर्तमान संरचनाबाट निर्वाचित हुने भएका छन् ।

महाधिवेशन तिथि नजिकिँदै जाँदा कांग्रेसको विधान संशोधन समितिमा पार्टीको सक्रिय राजनीतिमा सहभागी हुने नेताहरूको उमेर हदबन्दी लागू हुनुपर्ने चर्को दबाब परेको छ । समितिलाई दिइएका सुझावमध्ये अधिकांश सुझाव पार्टीको केन्द्रीय सभापति, जिल्ला सभापति, क्षेत्रीय सभापति तथा अन्य पदका लागि उमेरको हदबन्दी लागू गर्नुपर्नेछ । पार्टीका भ्रातृ संगठन नेविसंघ र तरुण दलले औपचारिक रूपमै उमेरको हदबन्दी लागू हुनुपर्ने सुझाव राखेका छन् । नेविसंघले पार्टीमा मात्र नभई नेविसंघ र तरुण दलमा पनि उमेरको हदबन्दी लागू हुनुपर्ने सुझाव दिएको छ । 'नेविसंघले विधान संशोधन समितिमा पार्टीमा, नेविसंघ र तरुण दलमा सक्रिय राजनीति गर्नका लागि उमेरको हदबन्दी लागू हुनुपर्छ भनी सुझाव दिएको छ,' नेविसंघका अध्यक्ष रञ्जित कर्णले राजधानीसँग भने ।

विधान संशोधन समितिलाई दिएको सुझावमध्ये उमेरको हदबन्दी ७५ वर्ष राखिनुपर्ने बढी छन् । केही-केहीले ७० वर्षसम्मको सुझाव दिएका छन् । 'विधान संशोधन समितिमा पार्टीमा उमेरको हदबन्दी लागू हुनुपर्छ भन्ने सुझाव पनि आएका छन् । सबै सुझावको हामीले गम्भीर रूपले अध्ययन गरिरहेका छौं,' सदस्य-सचिव परियारले भने ।

यसैगरी, पार्टीको केन्द्रीय सभापति दुई अवधिभन्दा बढी हुन नपाउने प्रावधान विधानमै राख्नुपर्ने सुझाव दिइएको छ । यस्तै, जिल्ला सभापतिहरूलाई बढी अधिकार दिइनुपर्ने, केन्द्रीय सदस्यमा निर्वाचन हुने सदस्यको संख्या बढाइनुपर्नेजस्ता सुझाव पनि दिइएका छन् । पार्टीको विधानमा पदाधिकारीको संख्या बढाइनुपर्ने या नपर्ने विषयमा पनि सुझावहरू आएका छन् । यस विषयमा भने विधान संशोधन समितिका सदस्यहरू नै दुई भागमा बाँडिएका छन् । सदस्य-सचिव परियार पदाधिकारीको संख्या बढाउने या नबढाउने विषयमा कुनै निर्णय नगरेको र यस विषयमा विभिन्न सुझाव आएको बताउँछन् । स्रोतका अनुसार विधान संशोधन समितिका संयोजक आनन्द ढुंगाना पदाधिकारीको संख्या बढाउने पक्षमा छन् भने देउवा पक्षीय सदस्यहरू भने पदाधिकारीको संख्या नबढाउने पक्षमा छन् ।

# अब सर्वसाधारणको सेयर मात्रैको पनि बैंक

**शिव सत्याल/राजधानी**
काठमाडौं, १४ पुस

अबदेखि सर्वसाधारणको मात्रै सेयर भएको बैंक तथा वित्तीय संस्था पनि गठन हुन सक्ने भएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयकमा संस्थापकले आफ्नो सबै सेयर सर्वसाधारणलाई बिक्री गर्न पाउने व्यवस्था गरेकाले यस्तो हुने भएको हो ।

सो विधेयकमा बैंक तथा वित्तीय संस्था सञ्चालन भएको १० वर्षपछि राष्ट्र बैंकको स्वीकृतिमा संस्थापकको सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सकिने ससर्त व्यवस्था गरिएको छ । यसअघिको ऐनमा बैंक तथा वित्तीय संस्थामा कम्तीमा पनि ४९ प्रतिशत सेयर संस्थापकको हुनै पर्ने व्यवस्था थियो । 'बैंक वा वित्तीय संस्थाले

**नयाँ ऐन प्रस्ताव**

कारोबार सञ्चालन गरेको १० वर्ष पुगेपछि पुँजी बजार, बैंकिङलगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभावसमेतलाई विचार गरी राष्ट्र बैंकको स्वीकृतिमा संस्थापकको सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सकिनेछ,' स्वीकृतिका लागि व्यवस्थापिका संसद्मा पेस भएको विधेयकको दफा ११ को उपदफा ४ मा उल्लेख गरिएको छ । सो विधेयकमाथि मंगलबारदेखि नै संसद्मा छलफल चलिरहेको छ ।

विधेयकमा बैंक तथा वित्तीय संस्थाले आफ्नो सेयर आफैंले खरिद गर्न पाउने व्यवस्था गरिएको छ । यसका लागि राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ । यसका लागि राष्ट्र बैंकले तोकेअनुसारको प्रतिशत भने बढी हुन नहुने व्यवस्था छ । यस्तो सेयर सम्बन्धित संस्थाको लाभांशको रूपमा वितरण हुन सक्ने सञ्चित नाफाको रकमबाट आफ्नो सेयर आफैंले खरिद गर्न सक्ने भनिएको छ ।

यस्तै, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष वा प्रबन्ध सञ्चालक र प्रमुख कार्यकारी अधिकृत बढीमा दुई कार्यकाल मात्रै रहन पाउने व्यवस्था पनि गरिएको छ । यस्तो व्यवस्थासहितको ऐन कार्यान्वयनमा आएपछिको कार्यकालबाट मात्रै गणना हुने भनिएको छ ।नयाँ ऐनमा पूर्वाधार विकास बैंक स्थापना गर्न सकिने व्यवस्था गरिएको छ । यस्तो बैंकलाई अहिले गरिएअनुसारको वर्गीकरण नगरिने विधेयकमा उल्लेख गरिएको छ । अहिले बैंक तथा वित्तीय संस्थालाई क, ख, ग र घ वर्गमा वर्गीकरण गर्ने व्यवस्था छ । (बाँकी पृष्ठ २ मा)

## दाहालमाथि भट्टराईको गम्भीर आरोप

# 'माओवाद' को नाममा 'खाओवाद'को अभ्यास

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, १४ पुस



पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले २४ वर्ष सँगै काम गरेका एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालमाथि संगीन आरोप लगाएका छन् । माओवादको नाममा खाओवादको भद्दा अभ्यास गरेको तथा पार्टी र आन्दोलनलाई दुरावस्थामा पुर्‍याएको भन्दै भट्टराईले दाहालमाथि नौबुँदे गम्भीर आरोप लगाएका छन् ।

सोमबार मध्यरात सामाजिक सञ्जाल 'फेसबुक' मार्फत भट्टराईले दाहाललाई 'जडसूत्रीय अवसरवादी' को संज्ञा दिँदै माओवादको खोल ओढेर पुरानै सत्ता, शक्ति र सम्पत्तिको घीनलाग्दो खेलमा लागेको संगीन आरोप लगाएका हुन् ।

उनले दाहालको नाम उल्लेख नगरे पनि 'हिजो सँगै काम गरेका एकजना स्थापित नेता' भन्दै दाहाललाई आफैं विदेशीहरूको बुइ चढेर सत्ताको सौदाबाजीमा लागेको आरोप पनि लगाएका छन् । समकालीन नेपाली नेताहरूमा सबैभन्दा बढी विदेशी दूत र एजेन्सीहरूसँग उठबस र लेनदेन गर्ने व्यक्तिका रूपमा दाहाललाई चित्रित गर्दै भट्टराईले यसको प्रतिवाद जनताका सामु आँखा जुधाएर गर्न चुनौती दिएका छन् ।

तिन दिनअघि माओ दिवसका दिन दाहालले भट्टराईलाई नेतृत्वको हत्या गर्न खोज्ने 'लिन प्याओवादी' र साम्राज्यवादको गोटी भएको 'घुमाउरो' आरोप लगाएपछि त्यसको प्रत्युत्तरमा भट्टराईले दाहालमाथि नै नौबुँदे संगीन आरोप लगाएका हुन् ।

भट्टराईले दाहालमाथि अरूलाई बाह्य शक्तिसँग जोडेर हिलो छ्याप्नेभन्दा आफ्ना विदेशीहरूसँगको साँठगाँठ पारदर्शी गर्नुपर्ने बताएका छन् । 'नयाँ शक्ति अभियन्ताहरूलाई 'बाह्य शक्ति' सँग जोडेर हिलो छ्याप्ने दुस्साहस गर्नुभन्दा पहिले तपाईंले आफ्ना 'विदेशी प्रभु'हरूसँगको सम्बन्धलाई खुला र पारदर्शी बनाउने आँट गर्नु पर्दैनथ्यो ? तपाईंका पटक-पटकका सिंगापुर, बैंकक, लन्डन भ्रमण केका निम्ति थिए र को-कोसँग के-के भएको थियो भन्ने जानकारी तपाईंजस्तो 'देशभक्त'ले सोझा नेपाली जनतालाई गराउनुपर्दैन ?' दाहालमाथि प्रश्न उठाउँदै उनले समाजिक सञ्जालमा लेखेका छन्, 'समकालीन नेपालका कुनै पनि पार्टीका शीर्ष नेताहरूमध्ये विदेशी दूत र एजेन्सीहरूसँग सबभन्दा बढी उठबस र लेनदेन गर्ने व्यक्ति तपाईं नै हो भन्ने कुरालाई अरूसँग आँखा जुधाएर खण्डन गर्न सक्नुहुन्छ ?'

संविधान जारी गर्ने पूर्वसन्ध्यामा आफैंले बिन्ती पत्र हालेर दिल्ली भ्रमण गरेको र अहिले पनि सत्ताका लागि विदेशीहरूसँग दाहालले साँठगाँठ बढाइरहेको आरोप पनि भट्टराईले लगाएका छन् । एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारलाई दाहालले 'प्रयोग' मात्र गरिरहेको भट्टराईको भनाइ छ । दाहालले आफ्नो स्वार्थ सिद्ध गर्नका लागि विदेशीहरूका सामु लम्पसार पर्ने गरेको भट्टराईको आरोप छ ।

'अहिले पनि तपाईं पुनः प्रधानमन्त्री बन्न शक्तिकेन्द्र गुहार्दै हुनुहुन्छ र ओली सरकारबाट दूध आउन्जेल चुस्ने र आउन छोडेपछि छाड्ने दाउमा हुनुहुन्छ भन्ने कसलाई थाहा छैन ?' भट्टराईले प्रश्न गरे ।

उनले दाहालले विचार-प्रवृत्तिगत रूपमा 'प्रेम' प्रधानमन्त्री ओलीसँग र पुराना कार्यकर्ता भुलाउन 'विवाह' को प्रस्तावचाहिँ नेकपा क्रान्तिकारी माओवादी अध्यक्ष मोहन वैद्यसँग गरिरहेको पनि आरोप लगाएका छन् । दाहालको यस्तो प्रवृत्तिलाई भट्टराईले मालेमावादको खोल ओढेको जडसूत्रीय अवसरवादको संज्ञा दिएका छन् । पार्टीभित्र सधैंजसो लिन प्याओवादी र आलोक प्रवृत्तिबाट ग्रसित बनाइएका व्यक्तिलाई नै लिन प्याओवादीको आरोप लगाउनु कागले आफ्नो नाम आफैं काटेसरह हुने टिप्पणी भट्टराईले गरेका छन् ।

(बाँकी पृष्ठ २ मा)

# जाडो छल्न भत्किएकै घरमा बास

**सञ्चिता घिमिरे/राजधानी**
प्युटार (ललितपुर), १४ पुस



मध्य पुसमा जाडो बढ्दै जाँदा प्युटार गाविस-९ की सुन्तली थिङ भूकम्पले चर्काएर खतराको सूचीमा परेको घरमै फर्किएकी छन् । गत वैशाखमा गएको विनाशकारी भूकम्पले घर चर्किएर बस्नै नमिल्ने भएपछि उनी जस्ताको 'अस्थायी टहरा' मा बस्दै आएकी थिइन् । जस्ताको टहरामा जाडो छेक्न गाह्रो भएपछि उनी चर्किएकै घरमा फर्किएकी हुन् ।

तिहारसम्म टहरामा बसेकी थिङ तिहारपछि जाडो बढेकाले चर्किएको घरमा सरेकी हुन् । घरको एउटा पाखो पुरै लडेको छ । जस्ताको अस्थायी टहराले चिसोसँगै शीत राम्ररी नछेक्दा सन्तान बिरामी परिरहेका कारण जोखिम मोलेरै घरमा फर्केको उनी बताउँछिन् । प्लास्टिकले घेरेको भए पनि 'अस्थायी घर' मा भन्दा तातो हुने बताउँछिन्, उनी । सन्तान भने डराएकाले चर्किएको घरमा रात कटाउन मुस्किल पर्ने उनको अनुभव छ । 'रातभर भुँइचालो आउँछ आमा भनेर सुत्न पनि दिँदैनन् । के गर्नु ? आउँदैन भनेर सम्झाएर पनि रात काट्नै पर्‍यो,' उनी भन्छिन् । यो पीडा सुन्तलीको मात्रै होइन । सिंगो प्युटारवासीको हो । बसिरहेको घर चर्किएपछि सुरक्षित बासका लागि 'अस्थायी घर'मा बास बस्दै आएका प्युटारका अन्य भूकम्पपीडित पनि पुनः चर्किएकै घरमा फर्किएका छन् । जस्ताको टहराले जाडो छेक्नै नसकेपछि भूकम्पपीडित चर्किएको घरमा जोखिम मोल्दै बस्न बाध्य भएका हुन् । प्युटारकै साहिलीमाया थिङ पनि नातिनीलाई निमोनिया भएपछि टहरो छाडेर चर्किएकै घरमा फर्किएकी छन् । वरपर काठको फल्याक र छानामा जस्ता राखेको उनको टहरामा हावा र शीत दुवै छिरेकाले उनी छाड्न बाध्य भएकी हुन् ।

'चिसोले गर्दा बस्नै गाह्रो भयो, अनि हामी भत्किएको घरमै फर्किएका हौं,' उनी भन्छिन् । टहरामा बस्दा रुघा, खोकी, निमोनियाजस्ता रोगले सताएको उनी बताउँछिन् । त्यसो त साहिलीमायाको परिवारले अझैसम्म सरकारले दिने भनेको १५ हजार रुपैयाँसमेत पाएको छैन । भूकम्पका समयमा अरू सामानसँगै उनका श्रीमान्को नागरिकता हराएकाले भूकम्पपीडित कार्ड बन्न सकेको छैन । जसोतसो नागरिकता बने पनि भूकम्पपीडित कार्ड नबनेको उनले गुनासो गरिन् । '१५ हजार पाउँछ भनेर कार्ड बनाउन लागेको तर कार्ड बनेन, बरु त्यति खर्च त धेरैचोटि पाटन आउँदा-जाँदामा हुन लाग्यो,' उनले भनिन् । प्युटारकै सानुबहादुर तामाङ पालको छाप्रो बनाएको तर जाडोसम्म पनि नटिकेको बताउँछन् । चैत-वैशाखको हुरीपछि नै बस्न नहुने भएको उनको भनाइ छ । अहिले भूकम्पपीडितलाई जाडो कटाउन निकै गाह्रो भइरहेको उनले बताए । 'पालले बनाएको छाप्रो भत्किएर गयो, नयाँ बनाउन नि पैसा छैन,' तामाङले राजधानीसँग भने ।

(बाँकी पृष्ठ २ मा)



*खाली भाँडा बोकेर पानी माग्दै जिल्ला प्रशासन कार्यालय घेराउ गरिरहेका दोलखावासी।* तस्बिर : रासस

# प्लास्टिकबाट डिजेल

**ओपेन्द्र बस्नेत / राजधानी**
दाङ, १४ पुस

दाङका युवा मार्सल रोकाले प्लास्टिकबाट डिजेल उत्पादन गरी परीक्षणस्वरूप सोही डिजेलबाट ट्याक्टर चलाएका छन्।

गत १ कात्तिकमा जंगलमा पाइने सल्लाको खोटोबाट घरमै वाष्पीकरण विधिद्वारा पेट्रोल उत्पादन गरी मोटरसाइकल चलाएर उनले यसअघि नै सर्वसाधारणलाई चकित पारिसकेका छन्। खोटोबाट पेट्रोल उत्पादन गरेको डेढ महिनापछि युवा वैज्ञानिक रोकाले प्लास्टिकबाट डिजेल उत्पादन गरी मंगलबार ट्याक्टर चलाएका हुन्। रोकाले घोराहीस्थित नेपाल पत्रकार महासंघको भवनमा मंगलबार प्रमुख जिल्ला अधिकारी दीपक काफ्ले, जिल्ला प्रहरी प्रमुख एसपी कुवेर कडायत, सशस्त्र प्रहरी कारागार बेस क्याम्प घोराहीका प्रमुख विमल डाँगी र जिल्लाका सञ्चारकर्मीमाझ सफल परीक्षण गरेका छन्।

पलास्टिकबाट उत्पादित डिजेलको प्रयोग गरी उनले महासंघको भवनदेखि घोराही तुलसीपुर चोकसम्म ट्याक्टर चलाएर देखाएका थिए।

रोकाले यो आफ्नो ३८औं आविष्कार भएको जानकारी पनि दिए। प्लास्टिकबाट व्यावसायिक रूपमा डिजेल निकाल्न सकिने जानकारी र त्यसो भएमा फोहोर पनि नियन्त्रण गर्न सकिने उनको भनाइ छ। देशमा इन्धन अभाव भइरहेका बेला रोकाले खोटोबाट उत्पादित जैविक इन्धनले मोटरसाइकल चलाइरहेका छन्। सरकारले आफूले आविष्कार गरेका नयाँ प्रविधिमा चासो नदिँदा उपलब्धि नदेखिएको उनको गुनासो छ। रेडियो र पत्रपत्रिकामा समाचार आउनेबाहेक अन्य कुनै चासो नदेखाइएको उनको गुनासो छ। 'एक दिन सबैलाई जम्मा गरेर नयाँ प्रविधि आविष्कार गरेको प्रदर्शनी गरिन्छ तर पछि हराउँदै जान्छ,' उनले भने। पूर्वप्रधान्मन्त्री झलनाथ खनालबाहेक अहिलेसम्म कुनै पनि सरकारी उच्च ओहदामा बसेका व्यक्तिले सम्पर्क र हौसला बढाउने काम नगरेको उनले बताए।



## छोटकरी

### जमुनाहबाट ५५ ट्यांकर इन्धन भित्रियो

**नेपालगन्ज / रास–** नेपालगन्जको जमुनाह नाकाबाट मंगलबार ५५ ट्यांकर इन्धन नेपाल भित्रिएको छ। इलाका प्रहरी कार्यालय जमुनाहका प्रहरी सहायक निरीक्षक हरिबहादुर गुरुङका अनुसार मंगलबार डिजेल ४० ट्यांकर, पेट्रोल पाँच ट्यांकर, हवाई इन्धन सात ट्यांकर र मट्टीतेल तिन ट्यांकर भित्रिएको छ।

यस्तै, गुरुङका अनुसार नाका अवरोधयता मंगलबार हालसम्मकै सबैभन्दा धेरै इन्धन नेपाल भित्रिएको हो। यसबाहेक जमुनाह नाकाबाट अन्य ७७ ओटा मालवाहक सवारी नेपाल भित्रिएको छ।

### विद्यालयमा ताला

**सल्यान / रास–** सल्यान देवस्थलस्थित प्रभाव उच्च माध्यमिक विद्यालयका विद्यार्थीले नियमित रूपमा पठनपाठनको माग गर्दै मंगलबार विद्यालयमा तालाबन्दी गरेका छन्। विद्यालयमा नियमित पठनपाठन नभएको, लामो समयदेखि अंग्रेजी शिक्षक नियुक्ति गर्न नसकेको, प्रशासनिक कार्य सञ्चालनमा लापर्बाही भएको भन्दै विद्यार्थीले लेखाशाखा र कार्यालयमा तालाबन्दी गरेका छन्।

विद्यार्थीले पटकपटक विद्यालयमा समस्या समाधानका लागि आग्रह गर्दा सुनुवाइ नभएको भन्दै माग पूरा गर्न बाध्य भई तालाबन्दी गरेको बताएका छन्। कक्षा १० मा अध्ययनरत विमल खड्काले विद्यालयमा २ वर्षदेखि मावि अंग्रेजी शिक्षक नभएको बताए। शिक्षक नहुँदा एसएलसी दिने विद्यार्थीको पढाइ चौपट भएको विद्यार्थीको गुनासो छ।

### विद्यालय बन्द

**मुगु / रास–** जिल्लाको उच्च हिमाली भेगका पाँच गाविसमा रहेका विद्यालय बन्द भएका छन्। अत्यधिक चिसो बढेपछि यी गाविसका १४ ओटा विद्यालयमा हिउँदे बिदा गरिएको एक शिक्षकले बताए।

यो बेला उच्च हिमाली बस्तीका स्थानीय जाडो छल्न बेंसी झर्ने र गाउँमा बालबालिका नै नहुने भएपछि हिउँदे बिदा दिने गरिन्छ। चिसोमा राखेर पढाइ गर्न नसक्ने भएकाले विगतझैं यस वर्षको १५ पुसदेखि ५० दिन बिदा दिइएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। यस क्षेत्रमा एक निमावि र १३ प्रावि छन् भने उच्च हिमाली क्षेत्र भएका कारण हिउँदमा विद्यालय बन्द रहने र स्थानीय गाउँ छाडेर अन्यत्रै जाने चलन छ।

### जलेर बालकको मृत्यु

**राजविराज / रास–** सप्तरीको सिम्राहा सिग्यौन गाविसमा आइतबार मध्यरात भएको आगलागीमा परी एक बालकको जलेर मृत्यु भएको छ। सिम्राहा सिग्यौन-२ स्थित जुक्तिलाल यादवको घरमा राति १ बजेतिर अचानक आगलागी हुँदा उनका १२ वर्षीय नाति रामकुमार यादवको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ।

चिसो छल्न बालिएको घुर फैलिएर यादवका साथै अन्य तिन घर जलेर नष्ट भएका छन्। जीर्ण बाटोका कारण राजविराजबाट वारुण यन्त्र पुग्न ढिलाइ भएकाले मानवीय र आर्थिक दुवै क्षति भएको स्थानीयले बताएका छन्।

### 'सीमांकन विवाद आयोगमार्फत'

**भैरहवा / रास–** नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौलाले आन्दोलनरत मधेसवादी दलले उठाउँदै आएको संघीय प्रदेशको सीमांकन भन्नेबित्तिकै टुंगिने विषय नभएको बताएका छन्। संघीयताका विषयमा संविधान जारी हुनुपूर्व र जारी भएपछि पनि दुईओटा विचार आएको भन्दै यसलाई संघीय आयोगमार्फत मात्रै सल्टाउने गरी संविधान कार्यान्वयनको दिशामा लाग्नुको विकल्प नरहेको उनले प्रस्ट्याए।

'उत्तर-दक्षिणलाई समेटेर प्रदेश निर्माण गरिनुपर्ने वा अहिलेकै पाँच विकास क्षेत्रलाई आधार मानेर संघीयता बनाइनुपर्ने एउटा आवाज छ भने तराईको भूभागलाई पहाड र हिमालसँगको प्रदेशमा जोड्नुहुँदैन भन्ने अर्को आवाज छ,' उनले भने।

# ५० हजार पीडितले पाए १० हजार

**राजधानी संवाददाता**
सिन्धुपाल्चोक, १४ पुस

भूकम्पपीडितलाई न्यानो सामग्री खरिदका लागि सरकारले प्रदान गरेको १० हजार रुपैयाँ जिल्लाका ५० हजार पीडितले पाएका छन्। दुई साताको बिचमा जिल्लाका ५० हजार भूकम्पपीडितले न्यानो सामग्री खरिदका लागि यो रकम पाएका हुन्।

भूकम्पपीडितलाई वितरण गर्न भन्दै गृह मन्त्रालयले जिल्ला दैवी प्रकोप उद्धार समितिको खातामा पहिलो चरणमा ७० करोड रुपैयाँ पठाएको थियो। यसअघि भूकम्पपीडित परिचय पत्र ८४ हजार ६ सयजनालाई वितरण गरिए पनि सरकारले १४ करोड रुपैयाँ कम पठाएपछि सुरुआती चरणमा वितरणमा समस्या भएको थियो।

पहिले वितरणकै आधार मानेर ७० करोड रुपैयाँ ६५ गाविस र दुई नगरपालिकाको खातामा पठाइएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकृत भरतप्रसाद आचार्यले जानकारी दिए। जिल्ला दैवी प्रकोप उद्धार समितिले मेलम्ची नगरपालिका र दुई गाविसमा रेडक्रस र अन्य चार गाविसमा सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चलाई सरकारले वितरण गर्नेभन्दा बाहेक रकम वितरण गर्न दिने निर्णय गरे पनि पछि ती संघसंस्थालाई रोकेको थियो।

पछि फेरि उनीहरूलाई यो रकम वितरणका लागि सरकारले बाटो खोलिदिएपछि नगरपालिका र गाविसमा रकम वितरण सम्पन्न भइसकेको आचार्यले बताए। अहिले ती संघसंस्थालाई पनि रकम वितरण गर्न दिने निर्णय भएपछि रकम वितरण सम्पन्न भएको छ। आचार्यले भने, 'अबको एक साताभित्र ८४ हजार ६ सय पीडितले रकम प्राप्त गर्नेछन्।'

सरकारले सुरुआतमा पठाएको ७० करोड र दुई संघसंस्थाले वितरण गरेको रकम गरी ७८ करोड रुपैयाँ वितरण सकिएपछि अपुग रकम पनि निकासाका लागि पत्राचार भइसकेको आचार्यले जानकारी दिए।

**१० हजारको दुरुपयोग**

विश्व खाद्य कार्यक्रमले कामका लागि नगद कार्यक्रम जिल्लाका ५२ गाविसमा सञ्चालन गरेको थियो। ४० दिने यो अभियानमा काम गरेबापत एक व्यक्तिले १५ हजार रुपैयाँ पाउँछन्। पिपलडाँडामा यो कार्यक्रम सञ्चालन भएपछि चौताराबाट नगद लिएर घर जाँदै गर्दा बिचबाटोमा एक समूह तास खेलिरहेका थिए। हातमा १५ हजार रुपैयाँ नगद लिएर गएका युवालाई पनि तास खेल्ने रहर जाग्यो अनि उनीहरू पनि तासको खालमा बसे। ४० दिने काम सकेर हातमा १५ हजार रुपैयाँ लिएर जानेलाई सत्ता ट्रायल र अर्का व्यक्तिलाई मिसी ट्रायल परेपछि उनले त्यो १५ हजार रुपैयाँ तासको दुई हातमै सकेर घर फर्किए। यो एउटा उदहारण मात्रै हो।

भूकम्पपछि जिल्लाका पीडितलाई सरकार र विभिन्न संघसंस्थाले जीविकोपार्जन र आर्यआर्जनका लागि दिएको रकमको दुरुपयोग भइरहेको छ। सबैभन्दा धेरै रकम तास र मदिरा सेवनमा दुरुपयोग भइरहेको छ। सरकारले न्यानो कपडा खरिदका लागि दिएको १० हजार रुपैयाँ धेरैले न्यानो कपडा खरिदका लागि भन्दा पनि 'भित्री न्यानो' का लागि रकम सकेका थिए।

रकम पाएको दिन धेरै गाविसका पसलमा पीडितहरू दिउँसोदेखि नै मदिरामा लट्ठ परेका देखिन्थे। 'सरकारले न्यानो सामग्री खरिदका लागि रकम दियो तर धेरैले न्यानो सेवनमै रकम सके,' राम्चेका एक स्थानीयले भने। विनापरिश्रम आएको भन्दै धेरैले यस्तो रकमको दुरुपयोग गरिरहेका छन्।

# क्याम्पस भवन निर्माणमा सवा ४ करोड सहयोग

**राजधानी संवाददाता**
गुल्मी, १४ पुस

गुल्मीको शान्तिपुर गाविसस्थित चन्द्रकोट क्याम्पस भवन निर्माणका लागि भारत सरकारले भारत-नेपाल आर्थिक सहयोग कार्यक्रमअन्तर्गत ४ करोड १३ लाख ६० हजार रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ।

भारत सरकारको ४ करोड १३ लाख ६० हजार रुपैयाँ अनुदान सहयोगमा निर्माण हुने यस परियोजना जिविस गुल्मीले कार्यान्वयन गर्दै छ। विद्यमान विद्यालय भवन जीर्ण भएकाले नयाँ बन्ने भवनमा सुविधा सम्पन्न कक्षाकोठा हुनेछन्। यस परियोजनाका कारण जिल्लामा शिक्षाको विकास गर्न सहयोग पुग्ने भारतीय दूतावासबाट जारी विज्ञप्तिमा उल्लेख छ।

यसबाहेक, भारत सरकारले ११ ओटा एम्बुलेन्ससमेत यस जिल्लालाई प्रदान गरि सकिएको छ।

सन् ०१५/१६ मा भारत सरकारले नेपालका विभिन्न ऐतिहासिक, धार्मिक, शैक्षिक र सांस्कृतिक महत्त्वका सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धारका लागि करिब ५५ करोड रुपैयाँ सहयोग प्रदान गरिसकेको छ।

भारत-नेपाल आर्थिक सहयोग कार्यक्रमअन्तर्गत सञ्चालन हुने परियोजना नेपालका लगभग सबै जिल्लालाई समेट्ने गरी शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका लागि हालै कार्यान्वयनमा रहेका तथा पूरा भएका ठुला तथा साना ५ सय १४ भन्दा धेरै परियोजनाको लागत ७६ सय करोड रुपैयाँभन्दा बढी रहेको छ।

# हुम्लामा जनताको संविधान

**हुम्ला / रास–** जनताको संविधान जनताकै माँझ अभियानअन्तर्गत मंगलबार हुम्ला जिल्लामा प्रचार अभियान सञ्चालन गरिएको छ। सदरमुकाम सिमकोटमा आयोजित कार्यक्रममा संविधानका मूलभूत प्रावधानबारे गराइएको थियो।

कार्यक्रममा वक्ताहरूले तराईमा भएको अन्दोलनपछि संविधानका विषयमा जनतालाई जानकारीका लागि सो अभियान सञ्चालन गरिएको बताएका थिए। संविधानमा उल्लिखित हक अधिकारबारे प्रचार गर्ने सरकारी नीतिअनुसार सो कार्यक्रमको आयोजना गरिएको जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी रवि भट्टराईले बताए।

कार्यक्रममा सासद एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीवनबहादुर शाहीले तराई आन्दोलन आमतराईवासीको नभई केही उच्छृंखल व्यक्तिको मात्रै भएको दाबी गरे। यसैगरी, उनले नेपालको संविधान विश्वकै उत्कृष्ट संविधान भएकाले यसको कार्यान्वयनमा लाग्न आग्रह गरे। दलित महिला जनजातिलगायत मधेसी, मुस्लिमका अधिकार समेटर जनमुखी संविधान निर्माण भएको र यसले सबैको हक अधिकारी समेटेको सासद रिता शाहीले बताइन्।

# आन्दोलनले लखौं विद्यार्थीको भविष्य अन्योलमा

**ध्रुव अधिकारी / राजधानी**
हेटौंडा, १४ पुस

संविधान जारीसँगै तराईमा भएको आन्दोलनका कारण विद्यार्थीको भविष्य अन्योलमा परेको छ। तराईमा लगातार आन्दोलन हुँदा विद्यार्थी शिक्षाबाट वञ्चित भइरहेका छन्। शैक्षिक सत्रको अन्त्यतिर पुग्न लाग्दा पनि आन्दोलनका कारण तराईका विद्यालय सञ्चालनमा आउन सकेका छैनन्।

विद्यालय सञ्चालन हुन नसक्दा लाखौं बालबालिका शिक्षाको उज्यालोबाट वञ्चित भएका हुन्। पहाडमा भूकम्पले गर्दा विद्यालय जान नपाएका विद्यार्थी तराईमा भने आन्दोलनका कारण जान पाएका छैनन्। जसले गर्दा यस वर्ष शैक्षिक अवस्था निराशाजनक हुने भएको छ।

तराईमा लगातारको आन्दोलनका कारण विद्यार्थीको भविष्य अन्योलमा परेको भन्दै मंगलबार हेटौंडामा आयोजित एक कार्यक्रमका सहभागीले आक्रोश पोखेका छन्। शिक्षा मन्त्रालय तथा शिक्षा विभागको आयोजनामा मधेसका जिल्लामा सञ्चालित शैक्षिक कार्यक्रम कार्यान्वयन प्रभावकारिता अभिवृद्धिसम्बन्धी छलफलमा सहभागीले आन्दोलनका कारण विद्यार्थीको भविष्य अन्योलमा परेकोमा आक्रोश पोखे। राजनीतिक दलले आफ्ना माग पूरा गराउन विद्यालय बन्द गर्दा तराईका विद्यालय ७३ दिनदेखि सञ्चालनमा आउन नसकेको क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाका उपनिर्देशक बद्रीबहादुर पाठकले बताए। जसले गर्दा विद्यार्थीको पढाइ प्रभावित भएको उनले जनाए।

तराईका जिल्लामा लगातारको बन्दका कारण ३४ लाख ७३ हजार बालबालिकाको पढाइ प्रभावित भएको पाठकले बताए। अबका दिनमा राजनीतिक दलले बन्दका कार्यक्रम गर्दा पनि विद्यालय बन्द नगर्न सरोकारवालाले आग्रह गरेका छन्।

कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव लवदेव अवस्थीले संसारका जुनसुकै मुलुकमा राजनीतिक आन्दोलनमा शैक्षिक संस्था बन्द नहुने गरेको र नेपालमा मात्र आफ्नो आन्दोलन गर्दा शिक्षण संस्था बन्द भएकाले समस्या भएको बताए। शिक्षा क्षेत्रमा बनेका ऐन, नियम, कानुन परिमार्जन गर्ने तयारीमा रहेको उनले जानकारी दिए। अहिले सरकारले एसएलसीमा लेटर ग्रेडिङ प्रणाली लागू गर्नुको मुख्य कारण भनेको शिक्षक र विद्यार्थीलाई बढी मिहिनेत गरून् भन्ने उद्देश्य रहेको बताउँदै उनले विद्यार्थीलाई नपढ्नका लागि भन्दा पनि बढी मिहिनेत गर्न हौस्याएको प्रस्ट्याए। लेटर ग्रेडिङ प्रणाली काठमाडौंका केही विद्यालयले पहिले नै सुरुआत गरेका भए पनि अहिले सबै क्षेत्रका विद्यालयमा यो प्रणाली लागू गर्न लागिएको हो। उनले भने, 'यो नियम विश्वका धेरै देशमा लागू भइसकेको छ।

कार्यक्रममा क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशक कृष्णप्रसाद काफ्लेले शिक्षामा भएको लगानीअनुसार उपलब्धि हुन नसकेको बताए। शिक्षा क्षेत्रमा काम गर्नेले बोलीलाई व्यवहारमा कार्यान्वयन गर्न आग्रह गरे। कार्यक्रममा परीक्षा नियन्त्रक खगेन्द्रप्रसाद नेपाल, शिक्षा मन्त्रालयका शाखा अधिकृत लक्ष्मण बस्याललगायतले शिक्षा क्षेत्रमा अहिलेसम्म भएका काम र आगामी दिनमा गर्नुपर्ने कामका विषयमा प्रस्तुतीकरण गरेका थिए।

# कोइराला र देउवालाई कार्यकर्ताले बिदा गर्छन् : पौडेल

**राजधानी संवाददाता**
गुल्मी, १४ पुस

नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले आगामी महाधिवेशनबाट सुशील कोइराला र शेरबहादुर देउवालाई कार्यकर्ताले बिदा गर्ने बताएका छन्। पार्टीको आगामी महाधिवेशनमा सभापतिका लागि आफ्नो पक्षमा माहोल सिर्जना भइरहेको भन्दै पौडेलले कोइराला र देउवालाई कार्यकर्ताले बिदा गर्ने बताएका हुन्।

गुल्मीको सदरमुकाम तम्घासमा मंगलबार आयोजित कार्यक्रममा उनले नेपाली कांग्रेस अब पुरानो ढर्राबाट चल्न नसक्ने पनि बताए। उनले सो क्रममा सोही कारण सभापति सुशील कोइराला र वरिष्ठ नेता शेरबहादुर देउवालाई कार्यकर्ताले आराम दिनेमा ढुक्क रहेको बताए। 'मैले उहाँहरूलाई अब आराम गर्नोस्, पार्टी म हाँक्छु भनिसकें,' पौडेलले भने, 'उहाँहरू आराम लिन नखोजे कार्यकर्ताले आराम गर्न पठाउँछन्।'

यसपालि कुनै पनि हालतमा सभापतिमा उम्मेदवारी दिनेसमेत पौडेलले बताए। 'कांग्रेसलाई अब प्रखर ढंगले चलाउनुपर्नेछ,' उनले भने, 'पार्टीहरूबिच प्रतिस्पर्धा भइरहेको छ, कोइराला र देउवाले अब चलाउन सक्नुहुन्न।'

# राजनीतिक छलफलबाटै निकास : उपप्रधानमन्त्री

**राजधानी संवाददाता**
मोरङ, १४ पुस

उपप्रधानमन्त्री विजयकुमार गच्छदारले मुलुकमा विद्यमान समस्या समाधान राजनीतिक छलफलबाट मात्रै सम्भव भएको बताएका छन्।

मंगलबार विराटनगरमा सञ्चारकर्मीसँग उनले समस्या समाधान हुन केही दिन अझै लाग्ने पनि बताए। आन्दोलनरत मोर्चालाई छलफल र वार्ताका माध्यमबाट सहमति खोज्न आग्रह गरेका गच्छदारले संविधान संशोधनबाट मात्रै सबै समस्याको समाधान हुने दाबी पनि गरे। यस्तै, यसका लागि मधेस केन्द्रित दललाई आन्दोलन छाडेर संसद्‌बाटै समाधान खोज्न आग्रह गरे।

मधेसको समस्या समाधान गर्न ८ प्रदेश नै उपयुक्त विकल्प रहेको तर्क गरेका उपप्रधानमन्त्री तथा मधेसी जनअधिकार फोरमका अध्यक्ष गच्छदारले तराईमा तिन प्रदेश हुने गरी आठ प्रदेश बनाए समस्या समाधान हुने तर्क गरे। उनले जतिसुकै गरे पनि अर्को संविधानसभा नहुने र यही संविधानबाट समाधान खोज्नु पर्ने बताए।

यसैबिच अर्को एक कार्यक्रममा उपप्रधानमन्त्री विजयकुमार गच्छदारले आन्दोलनले संविधानसभाबाट बनेको संविधान खारेज गर्न नसकिने बताए।

जिल्ला विकास समिति मोरङले आयोजना गरेको नेपालको संविधान जनताको संविधान,



जनताको संविधान जनताकै माझमा नामक कार्यक्रमलाई सम्बोधन गर्दै उनले आन्दोलनकै भरमा अर्को संविधानसभाको निर्वाचन नहुने तर्क पनि गरे।

६० वर्षको संघर्षबाट बनेको संविधानसभाबाट पारित संविधानले सबै जनताको भावना समेट्न नसके पनि त्यसलाई खारेज गर्न खोज्नु असम्भव रहेको जिकिर गरे।

# महिनावारी हुँदा विद्यालयमै आराम

**राजेन्द्र कार्की / राजधानी**
जाजरकोट, १४ पुस

महिनावारी भएपछि विद्यालय नआउने जाजरकोट भुरस्थित दीपेन्द्र उच्च माविका छात्रा अचेल नियमित आउन थालेका छन्। विद्यालयका छात्राहरूको लागि महिनावारी हुँदा प्याड चेन्ज र आरामका लागि छुट्टै सुविधासम्पन्न घरको व्यवस्था गरिएपछि छात्रा नियमित विद्यालय आउन थालेका हुन्।

सो विद्यालयको बाल क्लबको अगुवाइमा गाविसको लक्षित वर्गको बजेटअन्तर्गत २ लाख रुपैयाँबाट एककोठे पक्की आराम भवन बनाइएको हो। सो भवनको सदुपयोगका लागि बहुआयामिक विकास अध्ययन मञ्चमार्फत छात्रवृत्ति तथा प्याडको व्यवस्था गरिएको वातावरणीय कृषि तथा विकास केन्द्र (केड)का कार्यक्रम अधिकृत रामविक्रम शाहले बताए।



*दीपेन्द्र उमावि भुरमा निर्माण गरिएको प्याड चेन्ज तथा आराम घर। जहाँ महिनावारी हुँदा विद्यार्थी प्याड चेन्ज तथा आराम गर्ने गर्छन्।*

२० जना गरिब, विपन्न, असहाय र पाठेघर खसेका आमाका छोरीहरूले ६ हजार रुपैयाँका दरले छात्रवृत्ति पाइरहेको विद्यालयका प्रधानाध्यापक बलदेव साहले बताए। उनका अनुसार सबै छात्राले प्रयोग गर्ने गरी हरेक महिना १ सय ५० प्याड एकमुष्ट विद्यालयलाई दिने गरिएको छ।

'महिनावारी हुँदा प्याड चेन्ज तथा आराम गर्नका लागि छुट्टै कोठाको व्यवस्था नहुँदा विद्यालय आउन पनि लाज लाग्थ्यो, अहिले आराम भवनको व्यवस्था भएपछि सहज भएको छ,' कक्षा ९ मा अध्ययनरत छात्रा पुष्पा पौडेलले भनिन्। उनले पठनपाठनमा समेत सहज भएको बताइन्।

यता निमित्त जिल्ला शिक्षा अधिकारी किसानराज चिलवालले विद्यालय, कार्यालय, स्थानीय निकाय र गैससले प्याड चेन्ज तथा आराम कोठा बनाउन अभियान थाल्नुपर्ने बताए।

## सम्पादकीय

# आन्दोलनको मौलिक शैली

**नेपाल र भारतको सीमा नाकामा बसेर सरकारविरुद्ध प्रदर्शन गरिरहेका मधेसी मोर्चाका नेताहरूले आन्दोलनको स्वरूप परिवर्तन गर्ने संकेत गरेका छन्। एकथरी नागरिकले मधेस आन्दोलनको चर्को आलोचना गरिरहेका बेला आन्दोलनरत दलहरूले आन्दोलनको शैली र स्वरूप परिवर्तन गर्नु र रचनात्मक आन्दोलन सुरु गर्न खोज्नु आफैंमा राम्रो हो। आन्दोलनले पारेको प्रभावबारे मधेसका सर्वसाधारण जनतासँग कुराकानी गर्ने र जनताको सुझावअनुसार अघि बढ्ने योजनासमेत बनाएका छन्, केही दलका नेताहरूले । 'चिया पर मधेसको चर्चा' अभियानअन्तर्गत चिया पसलमा मधेस आन्दोलनको चर्चा गर्दै आन्दोलनको समीक्षासमेत गरिनु आफैंमा राम्रो हो।**

**यो अभियानले चिया पसलमा बसेर घन्टौं बेतुकका गफ गर्नेले गफको नयाँ मेलो मात्रै पाउनेछैनन्, चिया पसलमा सहभागी हुने जोसुकैको गफमा सहभागिताको अवसर मिल्नेछ। केही व्यक्तिबिच भएको गफ जब सामूहिक छलफलको विषय बन्छ, तब त्यो विषयले निष्कर्षमा पुग्ने अवसर पाउँछ । मधेस आन्दोलनका विषयमा आन्दोलनरत दल र सरकारको भनाइ परस्पर विरोधी छन्। आफ्नै घर आँगनमा भएको आन्दोलनलाई सर्वसाधारणले कसरी हेरेका छन् ? वास्तविक जनताको आवाज बाहिर आएकै छैन। यसकारण पनि 'चिया पर मधेसको चर्चा' उपलब्धिमूलक हुन सक्छ। किनकि, मधेस आन्दोलनले मुलुकलाई कति फाइदा दियो वा बेफाइदा ? आम सर्वसाधारणले खुलेर बहस गर्न पाउने छन् । यदि साँच्चै मधेसमा आन्दोलनरत दलहरूले जनताको भावनाअनुसार नै अघि बढ्न खोजेका हुन् भने आगामी दिनमा हुने कुनै पनि आन्दोलनमा सर्वसाधारण जनताले पनि आफ्नो उपस्थिति भएको महसुस गर्न पाउनेछन् भने आन्दोलनकारीले पनि जनताको वास्तविक समस्या लिएर अगाडि बढेको महसुस गर्ने अवसर पाउनेछन्। मधेसमा आन्दोलन सुरु भएको चार महिना बितिसक्दा आन्दोलनको सन्दर्भमा आक्रोश व्यक्त गर्नेहरू क्रमशः बढिरहेका छन् । जनतामा छाएको यस किसिमको आक्रोशले आन्दोलनकारीलाई नै घाटा हुने निश्चित छ। यस्तो अवस्थामा आन्दोलनले पनि जस पाउने र जनताले अपनत्व महसुस गर्ने आफैंमा काइदाको अवसर पनि हो यो अभियान।**

**के कुरा बिर्सनुहुँदैन भने, मधेसमा आन्दोलन गर्ने दलहरूले आजसम्म जेजे गर्छौं भनेका छन्, त्यो गरिरहेका छैनन् । आन्दोलनकारीले 'बिरामी र औषधि बोकेका सवारी साधनको आवतजावतमा अवरोध पुऱ्याउँदैनौं' भने। तर, बिरामी बोकेकै एम्बुलेन्स जलाए। खाद्यान्नलगायत अन्य अत्यावश्यकीय सामग्री ओसारपसारमा पनि आन्दोलनकारीहरूले अवरोध पुऱ्याएका छन्। अर्को तितो यथार्थ, आन्दोलनको बहानामा ग्याँस र पेट्रोलको तस्करीमा कतिपय आन्दोलनरत दलकै कार्यकर्ता संलग्न छन्। यस्तो अवस्थामा केही दलका नेताले 'अब हामी यस्तो गर्छौं' भनेर कोठे गफ गरेर मात्रै हुन्न। आन्दोलनका मौलिक शैलीलाई अवलम्बन गर्न सक्नुपर्छ, ताकि आगामी दिनमा आन्दोलनकारीका भनाइ र गराइमा अन्तर भयो भन्दै सर्वसाधारणले टिप्पणी गर्ने अवसर नपाऊन्।**

# सरकार ताते भूकम्पपीडितलाई न्यानो



■ रत्न प्रजापति

विनाशकारी भूकम्प गएको आठ महिना पूरा भइसक्यो । यस अवधिमा लाखौं भूकम्पपीडितले भूकम्पको त्रासदीलाई क्रमशः बिर्से पनि कष्टकर दैनिकी बिताउनुपर्दाको पीडालाई भने भुल्न सकेका छैनन्। आफ्नो थातबातलाई नै छोडेर शिविर र टहरामा टाउको लुकाउन बाध्य लाखौं भूकम्पपीडितले झरी र पहिरोको त्रासदीपूर्ण वर्षा त जसोतसो झेलिसके। अब यो मुटु छेड्ने ठन्डीलाई कसरी झेल्ने भन्ने चिन्ता सबै भूकम्पपीडितलाई छ । त्रिपाल, चित्रा र जस्ताले बनाइएका टहरा र छाप्रामा रात गुजार्ने हरेक भूकम्पपीडितले चिसोसँग लड्नै पर्ने बाध्यता छ। तर त्यो पीडा र त्यो बाध्यताको महसुस न्यानो कपडा र बाक्लो सिरकभित्र गुटमुटिएर आनन्दले निदाउने सरकारका जिम्मेवार पदाधिकारीले गरेको अनुभूति अझै हुन सकेको छैन । त्यही भएर पीडितहरूको जीवन अत्यन्तै दयनीय र कष्टकर भइसक्दा पनि ती पदाधिकारीमा संवेदना र सहानुभूति जाग्न सकेको छैन । सात दिनमा सातै जना भूकम्पपीडितको चिसोले कठ्यांग्रिएर मृत्यु भएको समाचार आउँदा पनि सरकारको ध्यान त्यतातिर तानिन सकेको छैन। एसीजडित कोठामा बाक्लो सिरक ओढेर आरामले निदाउने र मीठो सपना देख्ने सरकारका पदाधिकारीलाई गोरखा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक अथवा दोलखाका भूकम्पपीडितसँगै टहरा वा छाप्रामा अहिलेको चिसोमा एक रात बिताउने व्यवस्था कोही कसैले गरिदिए बल्ल तिनलाई पीडितको पीडाको अनुभूति हुन्थ्यो। यसपछि बल्ल भूकम्पपीडितलाई छिटो राहत प्रदान गर्ने तत्परता बढ्थ्यो।

भूकम्पको पीडाले आहत जनताले संघर्षपूर्वक आठ महिना बिताइसक्दा पनि सरकारले दीर्घकालीन राहत, पुनःस्थापना र पुनर्निर्माणको त कुरै छोडौं, तत्कालीन राहतको कार्यलाई पनि समानतापूर्वक प्रभावकारी ढंगमा सञ्चालन गर्न सकेको छैन । विदेशीले दिने भनेको अर्बौंको दानमा लोभिएर अहिलेदेखि नै स्वादले जिब्रो पड्काउन थालेका राजनीतिक दलहरूले पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी नियुक्तिमा देखाएको चर्तिकलाले गर्दा पुनर्निर्माण कार्य नै सुरु हुन सकेको छैन। जनताको नाउँमा राजनीति गर्ने राजीतिक दलहरू पनि पीडितप्रति पटक्कै संवेदनशील बन्न सकेका छैनन्। बरु, यही पीडा र दुःखको बेलामा पनि आफ्नो राजनीतिक स्वार्थसिद्धि र व्यक्तिगत लाभका लागि राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले अनेक किसिमका अनियमित कार्य गर्दै आएका छन्। हजारौंको संख्यामा नक्कली भूकम्पपीडितहरूको आँकडा तयार हुनुलाई स्थानीय स्तरका राजनीतिक दल, संघसंस्था र व्यक्तिहरूको कुकृत्यका रूपमा लिनुपर्ने भएको छ। यसलाई स्थानीय निकाय नहुँदाको परिणामका रूपमा पनि लिन सकिन्छ।

पीडितको संवेदनामाथि नै खेलबाड गर्नु घोर निन्दनीय कार्य हो। यद्यपि, यस्तै निन्दनीय कार्य सर्वत्र भइरहेको छ। राज्यले पीडितका लागि उपलब्ध गराएको राहत सामग्री राजनीतिक शक्ति र पहुँच भएका

**राज्यले पीडितका लागि उपलब्ध गराएको राहत सामग्री राजनीतिक शक्ति र पहुँच भएका गैरपीडितहरूले नै धेरै हात पारेका छन्। राहतका खाद्यान्न र जस्तापाता पनि यस्तै गैरपीडितहरूले पाएका छन्। वास्तविक पीडितचाहिँ थप पीडामा परेका छन्। यस्तो दुःख र पीडाको बेलामा पनि असमान व्यवहार गरिँदा पीडितहरूको मनमा राज्यप्रति नै नकारात्मक धारणा पैदा भएको स्थिति छ।**

गैरपीडितहरूले नै धेरै हात पारेका छन् । राहतका खाद्यान्न र जस्तापाता पनि यस्तै गैरपीडितहरूले पाएका छन्। वास्तविक पीडितचाहिँ थप पीडामा परेका छन्। यस्तो दुःख र पीडाको बेलामा पनि असमान व्यवहार गरिँदा पीडितहरूको मनमा राज्यप्रति नै नकारात्मक धारणा पैदा भएको स्थिति छ। यस मामिलामा राज्य पनि दोषमुक्त भने छैन। राज्यले गम्भीरतापूर्वक आफ्ना नागरिकप्रतिको दायित्व निर्वाह गर्न सकेको छैन । आफ्ना संयन्त्रहरूलाई प्रभावशाली तुल्याई वास्तविक पीडितको पहिचान गर्ने कार्य पनि राज्यले निष्पक्ष ढंगले गर्न सकेको छैन । राज्य उदासीन बनेको छ, पीडितको पीडाप्रति।

मनकारी स्वदेशी तथा विदेशी दाताले दिएको दानलाई पनि सही रूपमा परिचालन गर्न नसकेर सरकार अकर्मण्य र निरुपाय बनेको छ । राहत र उद्धारका नाममा हालसम्म साढे २१ अर्ब रुपैयाँ खर्च भइसक्दा पनि पीडितले समान रूपमा त्यस्तो राहतको सुविधा नपाउनु र पीडितले राज्यको तर्फबाट केही पाएको जस्तो महसुस गर्न नसक्नु राज्यकै कमजोरी हो। राज्यले प्रदान गरेको राहत र सुविधा अरूले नै हडप्दा यस्तो असन्तोषको स्थिति सिर्जना भएको हो।

उद्धार र राहत परिचालनमा संलग्न व्यक्ति, संघ/संस्था वा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले पीडितलाई भन्दा आफू र आफ्ना मान्छेलाई त्यस्तो राहत र सुविधा उपलब्ध गराउने कसरत नगरेको भए राहत र सुविधा पाउनकै लागि वास्तविक घर संख्याभन्दा बढी क्षतिग्रस्त घर संख्याको लगत तयार हुने थिएन। वास्तविक घरधुरी संख्या १ हजार ८ सय ७३ रहेको काभ्रेको महादेवस्थान मण्डन गाविसमा क्षतिपूर्तिका लागि आवेदन दिने घरधुरी संख्या ३ हजार ४ सय ५ रहेको लगत तयार भएको छ। यसैगरी, काभ्रेकै देउपुर गाविसमा वास्तविक घरधुरी संख्या १ हजार २ सय ३ रहेकोमा क्षतिपूर्तिका लागि आवेदन दिने घरधुरी संख्या २ हजार ५ सय ७७ रहेको लगत तयार भएको छ । यसरी राहत, सुविधा र अनुदान पाउनकै लागि ठुलो संख्यामा नक्कली भूकम्पपीडितको लगत तयार हुनुमा स्थानीय राजनीतिक दल, संघ/संस्था र स्थानीय निकायको कार्य गर्ने सरकारी कर्मचारीहरूको खराब मनसाय रहेको देखिन्छ। भूकम्पबाट प्रभावित हरेक जिल्लामा क्षतिपूर्तिका लागि वास्तविक घरधुरीभन्दा कम्तीमा १० हजारको संख्यामा थप निवेदन परेको गृह मन्त्रालयका प्रवक्ताले उल्लेख गरेका छन्। यसरी नक्कली पीडितहरूले समेत अनुदान पाए झन्डै ५ अर्ब रुपैयाँ दुरुपयोग हुने बताइएको छ। दुःखको बेलामा पनि राज्यकोषमा लुट मच्चाउने यस्तो दुर्नियतपूर्ण कार्य अत्यन्तै निन्दनीय छ। यस्तो कार्यमा संलग्नहरूको पहिचान गरी ती जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउनैपर्ने खाँचो देखिएको छ । नक्कली भूकम्पपीडितले पाउने सम्भावना भएको ५ अर्ब रुपैयाँले हजारौं वास्तविक भूकम्पपीडितलाई राहत प्रदान गर्न सकिन्छ र उनीहरूको गाँस, बास र कपासको प्रबन्ध गर्न सकिन्छ । यसो भए वास्तविक भूकम्पपीडितले वर्षाको बलेसीझैं शीत चुहिने टहरा र छाप्रामा शीतले रुझ्दै कठिन रात गुजार्नुपर्ने छैन।

भूकम्पपीडित लाखौं जनता सरकारको आसमा छन्। सरकार भने पूर्वविशिष्टहरूलाई आजीवन विलासी सुविधा प्रदान गर्नमा र मन्त्रालय फुटाउँदै मन्त्रीको संख्या थप्नमा व्यस्त छ। सरकारको यो असंवैधानिक, गैरजिम्मेवार र असंवेदनशील कार्यशैलीले भूकम्पपीडित मात्रै होइन, आमसर्वसाधारणमा समेत आश्चर्य र आक्रोश पैदा गरेको छ । दाताले दिएको दानबाट पीडितलाई राहत दिनुपरेको विषम परिस्थितिमा वार्षिक ६ अर्ब रुपैयाँ थप आर्थिक भार पर्नेगरी विद्यमान मन्त्रिपरिषद्मा मन्त्रीको संख्या थप्नुले सरकार भूकम्पपीडितप्रति संवेदनशील नभएको मात्रै होइन, पीडित जनताप्रति भन्दा सत्ता साझेदार राजनीतिक दलप्रति बढी बफादार रहेको देखाएको छ। जनताले सरकारको आलोचना गर्ने डरभन्दा सरकारमा संलग्न राजनीतिक दलहरूले समर्थन फिर्ता लेलान् भन्ने बढी डर रहेको सरकार प्रमुखको कार्यशैलीबाट देखिएको छ। त्यसैले, सरकार प्रमुख पीडित जनतालाई राहत दिने कार्यमा भन्दा सत्ता टिकाउने वा लम्ब्याउने रणनीतिमा मात्रै केन्द्रित रहेका देखिएको छ। सरकार र सरकार प्रमुखको वर्तमान कार्यशैलीबाट 'अब त केही हुन्छ कि' भन्ने आशामा रहेका जनतामा निराशा छाउन थालेको छ। सरकार भूकम्पको पीडा सँगसँगै नाकाबन्दीको समेत पीडा खेप्न बाध्य जनतालाई राहत प्रदान गर्नमा भन्दा सत्ता टिकाउन र लम्ब्याउन दत्तचित्त देखिएकाले स्वयं सरकारमा सामेल राजनीतिक दलका नेताहरूले सरकारको आलोचना गरिरहेको अवस्थामा पनि सरकारले आफ्नो जिम्मेवारीबोध नगर्नु साँच्चै विडम्बनापूर्ण भएको छ । एकातिर विपत्को पीडा, अर्कोतिर नाकाबन्दीको सास्ती र त्यसमाथि जताततै मौलाएको बेथितिले अर्थ-सामाजिक प्रणाली नै अस्तव्यस्त बन्न पुगेको वर्तमान अवस्थामा सरकारको उपस्थितिको अनुभूतिसमेत नहुँदा यो सरकारको औचित्यमाथि नै प्रश्न उठ्न थालिसकेको छ।

वास्तवमै अहिले धेरैजसो भूकम्पपीडितको अवस्था अत्यन्तै दयनीय छ। त्रिपाल र जस्ताबाट शीत चुहिएर टहरा र छाप्राभित्र बस्न नसकिने अवस्था छ। त्यसमा पनि धेरैजसो भूकम्पपीडित चिसो भुइँमा सुत्न बाध्य छन् । कोहीकोही फल्याक ओछ्याएर गुन्द्री ओढ्न बाध्य छन् । धेरैसँग त्यही गुन्द्री पनि छैन । कोही पराल ओछ्याएर परालै ओढ्न बाध्य छन् । सास जोगाउनै मुस्किल छ धेरैलाई । चिसो र शीतबाट विशेषगरी शिशु, बालबालिका र वृद्धवृद्धाहरू बढी प्रभावित छन्।

भूकम्पमा घर भत्किँदा पुरिएर पनि बाँचेकाहरू चिसोका कारण मर्दै छन् । अहिलेसम्ममा भूकम्पले अतिप्रभावित एउटै जिल्लामा दर्जनभन्दा बढीको चिसोले कठ्यांग्रिएर मृत्यु भइसकेको छ। सरकारले मनन गर्नै पर्ने एउटा कटु यथार्थ के हो भने चिसोमा कठ्यांग्रिएर मर्नेहरूले पनि राज्यलाई कर तिरेका छन्। यसकारण उनीहरूको जीवनरक्षा गर्नु राज्यको दायित्व थियो । तर, राज्यले बेवास्ता गरेकै कारण तिनले चिसोले कठ्यांग्रिएर मृत्युवरण गर्नुपऱ्यो । राज्यकै बेवास्ताले मरेको हुँदा त्यो मृत्युलाई स्वाभाविक मृत्यु भन्नै सकिन्न। त्यो त हत्या हो। त्यो हत्यामा राज्यसमेत दोषी देखिएको छ। चिसोमा कठ्यांग्रिएर मर्ने हुन् वा खाना र औषधि उपचार नपाएर मर्ने हुन्, ती सबैको मृत्युमा राज्यको दोष छ। त्यसैले, यो दोषबाट मुक्त हुन पनि सरकार तात्नुपर्ने बेला छ। सरकार सेलाउँदा नै भूकम्पपीडितले थप चिसो सहनुपरेको हो। त्यसैले, अब सरकार तात्नुपर्ने अवस्था छ । सरकार ताते भूकम्पपीडितले पनि न्यानोको अनुभव गर्न पाउँथे र अकालमा मृत्युवरण गर्नुपर्ने थिएन। यो यथार्थको बोध सरकारलाई छिट्टै होस्।

# भ्रष्टाचारको दलदलमा फसेको मुलुक



■ मनोज गौतम

असोज ३ मा जारी नेपालको संविधानमा असन्तुष्ट बनी तराई-मधेसमा आन्दोलनको नाममा सीमा नाकामा धर्ना दिइरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको हर्कतका कारण सिंगो मुलुक गम्भीर समस्यामा फसेको छ। जनताको चुलो बल्न छाडिसकेको अवस्था छ भने अस्पतालमा उपचार प्रभावित भइरहेको छ । नागरिकको ज्यान बचाउन तत्कालै गर्नुपर्ने शल्यक्रिया हुन नसक्ने अवस्था सिर्जना भएको छ । उपत्यकालगायत मुलुकभर औषधि अभाव हुन थालेका छन्। इन्धन र ग्याँसको अभावले आमनागरिक अत्यन्तै पीडामा बस्नुपरेको छ। नाकाबन्दीकै समयमा पनि नेपाल भित्रिएका इन्धन र ग्याँसमा कालोबजारी भएपछि नागरिकले सहज रूपमा पाउन सकिरहेका छैनन्। सरकार कालोबजारी रोक्न खासै संवेदनशील भएको अनुभूति जनताले गर्न पाएका छैनन्। बरु, सुरक्षा निकाय र आयल निगमका पदाधिकारी नै संस्थागत ढंगबाट कालोबजारीमा संलग्न भएको तथ्य बाहिर आउन थालेको छ। देशमा वर्तमान संकटमा सुधारको संकेतभन्दा दैनन्दिन भ्रष्टाचार र कालोबजारी बढिरहेको छ।

नेपाल आयल निगम, थानकोट डिपो प्रमुख रविनकुमार शर्मा र नेपाल सरकारका सहसचिव रामआधार साह पक्राउ परी कारागार चलान भएको घटनाले मुलुकका जिम्मेवार निकायमा रहेका उच्च अधिकारी कसरी जनतामाथि गद्दारी गरिरहेका छन् भन्ने बुझ्न गाह्रो छैन। त्यसमाथि सुरक्षा निकायका उच्च अधिकारीले पनि लुट मच्चाइरहेको तथ्य बाहिर आउन थालेको छ। नेपाल प्रहरीदेखि सशस्त्र प्रहरीसम्मका उच्च अधिकारी अनियमिततामा फसेको र कालोबजारीलाई प्रोत्साहन गरिरहेका तथ्यहरू बाहिर आउन थालेका छन् । यो शृंखला हरेक दिन बढ्ने क्रममा रहेको छ । नाकाबन्दीको समयमा फस्टाएको कालोबजारी र अनियमिततालाई हेर्ने हो भने मुलुकको सिंगो संरचना यसैमा अडिएको छ कि भन्ने अनुभूति हुन थालेको छ । भ्रष्टाचार पनि जताततै मौलाएकै छ ।

सुरक्षा निकायको कुरा गर्दा सशस्त्र प्रहरी बलमा देखिएको पछिल्लो भ्रष्टाचारले जोकोहीलाई तानेको छ। सामान ढुवानीमा भ्रष्टाचार गरेको अभियोगमा सशस्त्र प्रहरी बलका एकपछि अर्का पूर्वप्रमुख तानिन थालेका छन् । ढुवानी प्रकरणमा अख्तियारको कारबाहीमा परेका सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) कोषराज वन्तलगत्तै उनीभन्दा अगाडिका तिनजना पूर्वमहानिरीक्षक तानिएका छन् । वन्त १० करोड धरौटी बुझाएर अख्तियारको हिरासतमुक्त भएको केही दिनभित्रै उनीभन्दा अगाडिका आईजीपीहरू शैलेन्द्रकुमार श्रेष्ठ, सनतकुमार बस्नेत र वासुदेव ओली पनि धरौटी बुझाएर हिरासतमुक्त भएका छन्। बस्नेतले ८ करोड, श्रेष्ठले १ करोड र ओलीले ७० लाख धरौटीबापतको बैंक ग्यारेन्टी राखेर अख्तियारबाट तारिखमा छुटेका छन्। सशस्त्रका निलम्बित आईजीपी वन्तसहित चारैजनाले आफ्नो समयमा नक्कली कागजात बनाएर करोडौं भ्रष्टाचार गरेको अभियोग अख्तियारले लगाएको छ । ढुवानी अनियमिततामा अख्तियारले वन्तलाई निलम्बन गर्न सिफारिस गरी अनुसन्धान अघि बढाउँदा १० करोड धरौटी माग्यो। उनले अख्तियारले मागेको केही समयभित्रै तोकिएको धरौटी बुझाए। वन्तको त्यो साहस र उक्त धरौटी केही घन्टामै बुझाउने क्षमता देखेर अख्तियारका अनुसन्धान अधिकृत नै चकित परेका थिए । अन्य प्रमुखहरूले पनि अख्तियारले निर्णय गरेको दुई घन्टाभित्रै धरौटी बुझाएका छन्।

माथिका सबै घटनाक्रमले सशस्त्र प्रहरी भ्रष्टहरूको अखडा बनेको जोकोहीले अनुमान गर्न सक्छन् । निलम्बित आईजीपी वन्तले नै आफूले अग्रजहरूको सिको गरेको बयान दिएपछि श्रेष्ठ, बस्नेत र ओली तानिएको अख्तियारले बताइसकेको छ। उसले अनुसन्धान जारी राखेकाले योभन्दा बढी भ्रष्टाचार भएको अनुमान गर्न मात्रै सकिन्छ । अख्तियारले सशस्त्र प्रहरीभित्र हुने गरेको भ्रष्टाचार नियन्त्रणमा चालेको यो कदम निकै प्रशंसनीय छ। भ्रष्टाचारको आरोपमा एकै पटक चारजना पूर्व आईजीपीलगायत उपल्लो तहका २९ व्यक्तिमाथि छानबिन सुरु गरेर अख्तियारले ठुलो माछाविरुद्ध अभियान थालेको छ।



**भ्रष्टाचारको आरोपमा एकै पटक चार जना पूर्वआईजीपीलगायत उपल्लो तहका २९ जना व्यक्तिमाथि छानबिन सुरु गरेर अख्तियारले ठुलो माछाविरुद्ध अभियान थालेको छ । यो निकै आँटिलो काम पनि हो । सन् १९६० को दशकतिर सिंगापुरले प्रहरीका भ्रष्ट उच्च अधिकारी र माफियाको जालोमाथि यसैगरी धावा बोलेको थियो । त्यसैको परिणाम अहिले संगापुर संसारकै न्यून भ्रष्टाचार हुने मुलुकमा परेको छ ।**

यो निकै आँटिलो काम पनि हो । सन् १९६० को दशकतिर सिंगापुरले प्रहरीका भ्रष्ट उच्च अधिकारी र माफियाको जालोमाथि यसैगरी धावा बोलेको थियो। त्यसैको परिणाम अहिले संगापुर संसारकै न्यून भ्रष्टाचार हुने मुलुकमा परेको छ । नेपाललाई पनि यस बिन्दुमा पुऱ्याउन अख्तियारले निर्ममताका साथ काम गर्न जरुरी छ । सशस्त्र प्रहरीबाट सुरु भएको यो अभियानले निरन्तरता पाउनुपर्छ ।

अनियमितता र भ्रष्टाचार सशस्त्रमा मात्रै होइन, नेपाल प्रहरीभित्र पनि निकै मौलाएको छ । प्रहरीका उच्च अधिकारीहरू खुलेआम भ्रष्टाचार गरिरहेका छन् । यसतर्फ पनि अख्तियारको आँखा जानुपर्छ । भ्रष्टाचारको दलदलमा फसेको मुलुकलाई यसबाट बाहिर निकाल्न यतिबेला राज्यका हरेक निकायतिर अख्तियारको ध्यान जानुपर्छ। किनकि, मुलुक संकटमा परेको बेलासमेत भ्रष्टाचारी र कालोबजारियाले जनता लुट्न र ठग्न बाँकी राखिरहेका छैनन्। उच्च ओहदामा रहेर मुलुकको साधन स्रोतको दोहन गर्ने यी सबैलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । राज्यले थोरै मात्रामा काम गर्दा पनि अभियुक्तहरू कानुनको दायरामा आउँछन् भन्ने एकाध केही घटनाले देखाइसकेको छ । प्रहरीले इन्धन र खानेतेलको कालोबजारीमा चालेको कदम यसको उदाहरण हो। अब अख्तियारले पनि राम्रा काम गर्ने त्यस्ता प्रहरीलाई प्रोत्साहन र अन्यमाथि कारबाहीको नीति अवलम्बन गर्नुपर्छ । इन्धन अनियमितता प्रमाणित भएपछि थानकोट डिपो प्रमुख रविनकुमार शर्मा समातिएर अहिले जेलमा छन्।

नाकाबन्दीको फाइदा उठाउँदै पेट्रोल पम्पहरूसँग मिलेर उपभोक्ता ठग्ने र असुली गर्ने गरेको अभियोगमा शर्मालाई अदालतले थुनामा पठाएको छ । उनीसँगै नेपाल सरकारका सहसचिव रामआधार साह पनि यतिबेला जेलमा छन् । नापतौल तथा गुणस्तर विभागको प्रमुख रहेकै बेला इन्धन ठगी गर्ने प्रविधि भित्र्याउनेका साथै लगातार उपभोक्ता ठगेको अभियोगमा साह जेल परेका हुन् । उनले लामो समयदेखि अनियमितता गरेको तथ्य बाहिर आइसकेको छ। भारतमा अध्ययन भ्रमणमा जाँदा नै कसरी ठगी गर्न सकिन्छ भन्ने सिकेर उतैबाट प्राविधिकसमेत झिकाएर साहले जनता लुटेको यथार्थ बाहिर आएपछि साहलाई पुर्पक्षका लागि थुनामा पठाइएको छ। यस्तै खानेतेलमा कालोबजारी गरी जनता ठग्ने केएल दुगड समूहमाथि पनि मुद्दा दायर भएको छ। लामो समयदेखि जनता लुट्न पल्केका ती माफियाविरुद्ध अब राज्य कडा रूपमा प्रस्तुत हुनुपर्छ। अदालतमा मुद्दा दायर गर्ने तर कालोबजारी गर्न छुट दिइरहने विगतको शैली अन्त गर्ने पर्छ। मुलुकमा जताततै कालोबजारी, भ्रष्टाचार, अनियमितता रहेको बेला सबैतिरबाट अब धावा बोल्नैपर्छ। मुलुक बचाउन सबै जाग्न जरुरी छ।

सशस्त्रको सामान ढुवानीमा भ्रष्टाचारमाथि छानबिन भइरहँदा इन्धन र खाना पकाउने ग्याँसमा भइरहेको कालोबजारीतिर पनि सम्बन्धित पक्षको ध्यान जान जरुरी छ । सर्वसाधारणले निकै सास्ती खेप्नुपरेको यथार्थलाई अब ढिला नगरी समाधानतिर जानुपर्छ। विद्युत् प्राधिकरणको ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार भएकोले अहिले सबै पड्केका छन् । जताततै ट्रान्सफर्मर जलेको मात्रै समाचार आइरहेका छन् । सोही कारण अहिले आमनागरिकले खाना पकाउनसमेत पाएका छैनन्। बत्ती आउला र खाना पकाएर खाउँला भन्दै बसेकाहरू भोकभोकै बस्नुपर्ने अवस्था छ । यसको कारण आमनागरिक पीडामा छन् । तर, ती भ्रष्टहरूलाई अलिकति पनि पीडा भएको महसुस हुन सकेको छैन । उनीहरूलाई पुनः छानबिन गरी कारबाहीको दायरामा ल्याएर नागरिकलाई विश्वास दिलाउन सक्नुपर्छ। भ्रष्टाचारी र कालोबजारीलाई कुनै पनि निकायबाट कारबाही हुँदैन कि भन्ने जनताको आशंकालाई मेटाउन जरुरी छ। यसतर्फ अख्तियारलगायत सम्बन्धित निकायको बेलैमा ध्यान जाओस्।

## दक्षिण एसिया

# हैरान बनाउँछ मोदीको कूटनीतिले

यस्तो अवस्था कमै मात्र मिल्छ कि शत्रुतापूर्ण सम्बन्ध रहेका दुई देशमध्ये एउटा देशका प्रधानमन्त्रीले अर्को देशका सरकार प्रमुखको जन्मदिनको बधाई दिनका लागि फोन गरे र त्यही अनौपचारिक कुराकानीमै दुवै सरकार प्रमुख तुरुन्त भेट गर्ने कार्यक्रम बन्यो। तर, शुक्रबार नरेन्द्र मोदी र नवाज सरिफ यसरी नै भेटघाट गरे। उनीहरूले पूर्वतयारी, एजेन्डा तय गर्ने र प्रोटोकलको पर्वाह गरेनन् । तर, मोदी प्रधानमन्त्री बनेपछि दुवै देशको सम्बन्धमा यस्तो आश्चर्यको कमी रहेन । सबैभन्दा पहिला त मोदीले आफ्नो शपथ ग्रहण समारोहमा नवाज सरिफलाई आमन्त्रित गरेर सबैलाई चकित पारेका थिए । तर, यसबाट आपसी सम्बन्धमा सुधारको कुनै गुन्जायस देखिएन । तिन महिनापछि तनाव यसरी बढ्यो कि भारतले दुवै देशका विदेश सचिवस्तरीय पूर्वनिर्धारित वार्ता रद्द गरिदियो ।

जुलाईमा रुसी सहर उफामा संघाई सहयोग संगठनको शिखर बैठकको दौडान उनले पाकिस्तानी प्रधानमन्त्रीसँग वार्ता गरेका थिए । त्यसमा दुवै देशका राष्ट्रिय सुरक्षा सल्लाहकार (एनएसए) का बिच कुराकानी सुरु गर्ने सहमति भएको थियो। तर, कस्मिरी पृथकतावादीद्वारा पाकिस्तानी प्रतिनिधि मण्डललाई भेटघाट गर्नबाट अवरोध गरिदिए। वार्ता फेरि रद्द भयो। नयाँ लक्ष्मण रेखा तय भयो । विदेशमन्त्री सुष्मा स्वराजले भनेकी छन् कि आगामी वार्ता आतंकवादको मुद्दामा केन्द्रित हुनेछ। यसबाट आमनिष्कर्ष यही निकालिएको छ कि संवादहीनताको अवस्था लामो हुने छ। तर, करिब अढाइ महिनापछि नै पेरिसमा जलवायु शिखर सम्मेलनको अवसरमा मोदी पुनः नवाज भेट भयो। त्यसलाई अकस्मात् भएको भेट बताइएको छ। तर, साताभरमै छक्क पार्ने खबर आयो कि दुवै देशका एनएसए (अजित डोभाल र नसिर जंजुआ) को बैंककमा कुराकानी भयो । फेरि यसै महिना विदेशमन्त्री सुष्मा स्वराज इस्लामबाद गइन्। त्यहाँ दुवै देशका बिच फेरि मेलमिलापको वार्ता सुरु भएको छ भन्ने हल्ला चल्यो । यो कुराकानी सन् २००८ मा मुम्बई आक्रमणपछि रोकिएको थियो । यो घोषणा भइसकेको छ कि जनवरीमा दुवै देशका विदेश सचिव भेट्नेछन् । यी प्रयासका सकारात्मक असर देखिएका छन् ।

अझै केही दिन पहिले खबर आएको छ कि नवाज सरिफले आफ्ना मन्त्रीलाई भारतविरुद्ध बोल्न नदिन निर्देशन दिएका छन् । अथवा, थोरै भए पनि माहोलमा सुधार भएको छ। मोदी र सरिफले शुक्रबार जुन सद्भावको परिचय दिएका छन्, आशा गर्नुपर्छ कि यसले यो प्रक्रिया अघि बढाउन मद्दत गर्ने छ। तर, यो पनि स्वाभाविक हो कि गोपनीयता र शंका भरिएको यस पाकिस्तानी नीतिलाई बुझ्न मानिसले माथापच्चीचाहिँ गर्नुपर्छ । कांग्रेसले मोदी पूर्वघोषित कार्यक्रमविना लाहोर जाने काम दुस्साहसपूर्ण बताएको छ। तर, यो ध्यानमा राख्नु जरुरी छ कि अहिले दुस्साहस खतरनाक हुनेछ तर कुनै समय यसबाट आश्चर्यजनक ठुलै परिणाम पनि प्राप्त हुनेछ ।

**(भारतबाट प्रकाशित 'नई दुनियाँ'को सम्पादकीय)**

## ❑ अनुरोध

***राजधानी* राष्ट्रिय दैनिक सदैव पाठकको सेवामा समर्पित छ। हाम्रो प्रयास तपाईंलाई कस्तो लागिरहेको छ ? तपाईंका गुनासा, आलोचना र सुझावले *राजधानी*लाई स्तरीय बन्न र सही बाटोमा हिँड्न अभिप्रेरित गर्छ। त्यसैले, हामी तपाईंको रचनात्मक आलोचना र अमूल्य सुझावको अपेक्षा गर्छौं, कृपया लेख्नुहोस्। र, लेख्नुहोस् मुलुकका समसामयिक घटनाक्तमप्रतिको आफ्नो सटीक प्रतिक्तिया। लेखरचनासँगै आफ्नो स्पष्ट परिचय र तस्बिर पनि पठाउनुहोला।**

**लेख तथा प्रतिक्रियाका लागि**
**इमेल :** merobichar@gmail.com
**फ्याक्स :** ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# पाकिस्तानको आत्मघाती विस्फोटमा २२ को मृत्यु



**एजेन्सी**
इस्लामाबाद, १४ पुस

पाकिस्तानको उत्तर पश्चिम मर्दान सहरस्थित एक सरकारी भवनमा भएको एक शंकास्पद आत्मघाती आक्रमणमा कम्तीमा २२ जनाको ज्यान गएको छ।

अधिकारीहरूका अनुसार मर्दान सहरमा रहेको राष्ट्रिय तथ्यांक तथा दर्ता प्राधिकरणको कार्यालयबाहिर सो विस्फोट भएको हो। पाकिस्तान तालिबानको एक समूहले सो विस्फोटको आफूले गराएको दाबी गरेको छ।

गत वर्ष पेसावारमा १ सय ५० जनाको ज्यान जाने गरी भएको आक्रमणपछिको यो खतरनाक आक्रमण भएको बताइएको छ।

समाचारमा जनाइएअनुसार एक मोटरसाइकलमा आएको व्यक्तिलाई सुरक्षा निकायले रोक्न खोजेपछि उनले आफूमाथि बम विस्फोट गराएका थिए।

सो कार्यलयमा आईडी कार्ड लिन प्रायजसो भिड लाग्ने गर्दछ। प्रहरीले विस्फोटमा २२ जना सर्वसाधारणको मृत्यु भएको जनाएको छ।

स्थानीय सञ्चार माध्यमहरूले जानकारी दिएअनुसार बिचखान मेडिकल कम्प्लेक्सले अहिलेसम्म १६ जनाको लास प्राप्त गरिसकेको र दर्जनौं घाइते उपचार गराइरहेका छन्।

अधिकारीहरूले दिएको जानकारीअनुसार यदि सो आक्रमणकारीलाई सुरक्षा गार्डले नरोकेको भए मृत्यु हुनेको संख्या धेरै बढ्न सक्ने अनुमान गरेका थिए।

अधिकारीहरूले सो आक्रमणकारीले १२ केजी विस्फोटक पदार्थ प्रयोग गरेको हुन सक्ने बताएका छन्। सन् २०१४ मा पाकिस्तानी तालिबानबाट विभाजन भएको उल अहरारे विस्फोटको जिम्मा लिएका हुन्।

यो समूहका साथै अन्य समूहले सन् २०१४ मा भारतमा पनि विस्फोट गराएको दाबी गरेको छ। सो विस्फोटमा कम्तीमा ५० भन्दा बढीको मृत्यु भएको थियो।

पाकिस्तानमा पछिल्ला समयमा फेरि आतंककारी गतिविधिमा तीव्रता आएको भन्दै त्यहाँको सुरक्षा व्यवस्था कडा पारिएको प्रहरी अधिकारीहरूले बताएका छन्।

# दिउँसो खाली सिसी बिहानबेलुका समाचार संकलन

**एजेन्सी**
नयाँ दिल्ली, १४ पुस



भारतको राजधानी नयाँ दिल्लीमा सडक बालबालिकाको एउटा समूह एउटा अस्वाभाविक सम्पादकीय बैठकमा व्यस्त देखिन्छ।

उनीहरू ‘बालकनामा’ नामक आठ पेज लामो एउटा समाचार पत्रलाई कसरी पठनयोग्य बनाउने र आगामी अंक कस्तो बनाउने भन्ने विषयमा एउटा सामूहिक भावावेशमा केन्द्रित छन्। पत्रिका सडकमा बस्ने र काम गर्ने बालबालिकाबारे मात्र केन्द्रित छ। पत्रिकाले आफूलाई गर्वका साथ ‘सडक र मजदुर बालबालिकाका निम्ति र उनीहरूद्वारा नै प्रकाशित विश्वकै अद्वितीय’ पत्रिका भन्न रुचाउँछ।

पत्रिकाका सम्पादक १८ वर्षीय चाँदनी पत्रिकाको आगामी संस्करणको प्रकाशनका लागि घनीभूत छलफलमा व्यस्त छिन्। एक वर्षको अवधिमा उनले सम्पादकको जिम्मेवार वहन गरेपछि पत्रिकाको वितरण ४ हजारदेखि ५ हजारसम्म पुगेको छ।

पत्रिकाका संवाददाता सडकका बालबालिका वा नयाँ दिल्लीमा काम गर्ने बाल मजदुर रहेका छन्। उनीहरू सबै सडक बालबालिकाको क्षेत्रमा काम गर्दै आएको एउटा गैरसरकारी संगठन चेतनाले उद्धार गरेका बालबालिका हुन्।

एक आँकडाअनुसार भारतमा १ करोडभन्दा बढी बालबालिका सडकमा बस्न बाध्य छन् र उनीहरू विभिन्न प्रकारका श्रमजन्य कार्य गर्न बाध्य छन्।

सडक उद्घोषादेखि अभिभावकलाई बोरा र खाली सिसी बटुल्न सहयोग गर्ने चाँदनीको जीवन आफैंमा एउटा चरम गरिबीको कथा हो। चेतनाको पहुँच कार्यक्रमले चाँदनीलाई स्कुलमा भर्ना हुन अभिप्रेरित मात्र गरेन खाली कागज, बोरा र सिसीका टुक्रा संग्रह गरेर जीविकोर्पाजन गर्न सहयोग पुर्‍यायो। सो संस्थाले उनलाई पत्रकारका रूपमा समेत तालिम प्रदान गरेको थियो।

‘मैले यस पत्रिकालाई सम्पादन गर्न पाएकोमा निकै गौरवान्वित छु, किनकि यो भारतम पृथक् प्रकारको छ। बाल्यकालमै नै आफ्नो बालापन लुटिएका, भोका, भिख मागेका, दुर्व्यवहारको सिकारमा परेका र जबर्जस्ती मजदुरी कार्य गर्न बाध्य भएका बालबालिकाले आफूले जस्तै दुःख पाएका अन्य बालबालिकाका समाचारहरू लेख्ने गर्छन्,’ चाँदनीले भनिन्।

‘पत्रिकारिता गर्दा हामीलाई एक प्रकारको उद्देश्यबोध गराएको छ। यहाँ पत्रकारिता गरेर हामी निपुण बन्छौं,’ उनी भन्छिन्। उनले राजधानी नयाँ दिल्ली र वरपरका हरियाणा, उत्तर प्रदेश, मध्यप्रदेश लगायतका राज्यमा काम गर्ने १४ पत्रकारको एउटा ब्युरोलाई व्यवस्थापन र नेतृत्व गरिरहेकी छन्।

उनीहरूसँग फ्याक्स र इमेलको पहुँच नभएकाले अधिकांश पत्रकारले फोनबाट नै समाचर टिपाउँछन्। सडक बालबालिकाको नियति, इँटा भट्टीमा बाल मजदुर, घरेलु बाल श्रमिक, बाल यौन दुराचार इत्यादि उनीहरूको समाचारको विषय हुन्।

विषयवस्तु र सामग्रीप्रति सधैं अपडेट हुन चाँदनीले हरेक महिना दुई पटक सम्पादकीय बैठक बोलाउँछिन्। सो पत्रिकाको मूल्य २ रुपैयाँ भारु कायम गरिएको छ। विज्ञापन प्राप्त गर्न पत्रिकाले संघर्ष गरिरहेको छ। पत्रिकाले अहिलेसम्म कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गरेको छैन। सो पत्रिकालाई चेतना संस्थाले प्रायोजन र प्रकाशन गर्ने गरेको छ।

# आतंकवादले सताएको वर्ष

**रासस**
काठमाडौं, १४ पुस

अल कायदा नामको एक आतंकवादी सञ्जालका नाइके ओसामा बिन लादेन तिन वर्षपहिले पाकिस्तानमा मारिए। उनको यो अन्त्यसँगै विश्वमा आतंकवादी क्रियाकलापमा कमी आउने अपेक्षा सर्वत्र गरिएको थियो। तर, परिस्थिति त्यस्तो रहेन।

त्यसपछिका वर्षहरूमा पनि विश्वका विभिन्न क्षेत्रमा यो त्रासले छोडेको छैन। सन् २०१५ को आगमनसँगै विश्वमा आईएस नामको एक आतंकवादी संगठनको सन्त्रास सुरु भएको थियो। हुन त यसअघि पनि यस संगठनले इराक र सिरियामा आफ्नो क्रियाकलापहरू सुरु गरेकै थियो। तर पनि यस वर्षको आगमनसँगै फ्रान्सको पेरिसमा यसले गरेको आक्रमणका कारण आईएसको चर्चाले विश्वलाई नै छोएको हो।

सन् २०१५ को आगमनसँगै पाकिस्तानको पेसावरमा रहेको एक विद्यालयका साना नानीहरू बन्दुकको तारो बनेको समाचारले चर्चा पाएको थियो। अघिल्लो महिनामा नै तालिबानको तारो बनेका १ सय ३४ कलिला बालबालिकाको समाचारले लगभग संसारभरि नै रुवाएको थियो।

ती स्कुले बालबालिका तालिबान आतंकारीहरूको तारो बन्न पुगेका थिए।

संसारका अखबारहरूले निकै दर्दनाक र दयनीय समाचारका शीर्षक राखेका थिए। त्यो पाकिस्तानी सेनाले सञ्चालन गरेको विद्यालय थियो। त्यसैले गर्दा नै ती कलिला कोपिलाहरू क्रूर तालिबानी बन्दुकको सिकार बन्न पुगेका थिए। बालबालिकाको ‘टिफिन’ टाइममा बन्दुक चलाएका उनीहरूले शिक्षकशिक्षिकालगायत १ सय ५० को ज्यान लिएका थिए। बालबालिका मात्र १ सय ३४ जनाको हत्या उनीहरूले गरेका थिए।

सन् २०१५ को सुरुआतमै फ्रान्सको राजधानी पेरिसमा आतंककारीहरूको एक शक्तिशाली नै हमला भयो। ७ जनवरीमा पेरिसमा रहेको ‘चार्ली एब्दो’ नामक पत्रिकामा आक्रमण गरेर प्रधान सम्पादकसहित १४ जनाको हत्या गरे। आतंककारी संगठन इस्लामिक स्टेट (आईएस) ले त्यहाँ हमला गरेको थियो।

सम्पादकीय लेखिरहेकै समयमा पत्रिकाको कार्यालयमा वर्षिएको बन्दुकबाट सम्पादकहरू सिकार बनेका थिए। मुस्लिम धर्मका प्रवर्तक प्रोफेट मोहमम्दको कार्टुन बनाएको आरोप त्यस पत्रिकामाथि लगाइएको थियो।


## UAE मा रोजगार

१. कम्पनी : COPY MAX PAINTING AND DECOR WORKS — शहर : Na
पूर्व स्वीकृत मिति : २०७२/९/१४ — चलानी नं. : ६०४२ — LT. No. 148636

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter Buildings | 10 | 0 | 1200 | 34,800 | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| 2 | WHITE WASH PAINTER | 10 | 0 | 1200 | 34,800 | | | | | |
| 3 | MOULDING MAKER | 10 | 0 | 1200 | 34,800 | | | | | |
| 4 | WHITE WASH PAINTER ASSIST. | 10 | 0 | 1200 | 34,800 | | | | | |
| 5 | Stone Decorator | 10 | 0 | 1200 | 34,800 | | | | | |

२. कम्पनी : FAST PROOF CLEANING SERCVICES — शहर : Na
पूर्व स्वीकृत मिति : २०७२/९/१४ — चलानी नं. : ६०४० — LT. No. 148635

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 45 | 800 | 23,200 | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 05 | 0 | 800 | 23,200 | | | | | |

३. कम्पनी : MAGNUM PLUS CLEANING SERVICES LLC — शहर : Na
पूर्व स्वीकृत मिति : २०७२/९/१४ — चलानी नं. : ६०४३ — LT. No. 148630

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Boy | 35 | 0 | 800 | 23,200 | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 50 | 0 | 800 | 23,200 | | | | | |

Crown Overseas consultancy (P) Ltd.
P.O.Box: 10162, Kholagal, Lazimpat-2, Kathmandu, Nepal
Tel: +977-1-4440716, Fax: +977-1-4418221
Email: coc@infoclub.com.np
Govt. Lic. No.: 225/058/059



## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ABDULLAH ABDULAZIZ AL BRAIDY FOR CLUTCHES — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/९ — चलानी नं. : ५७४३ — LT. No. 148002

| क्र.सं. | कामदारको पद | पुरुष | SR | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Lathe Operator | 03 | 2500 | 70,400 | ८ घण्टा | ६ दिन | छ | छ |

- छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail:dynamic@man.wlink.com, Website:www.dynamicmanpower.com



## पिजन इन्टरनेशनल ओभरसिज प्रा. लि.

(श्रम इजाजत नं. ३८४/०५९/६०)
PIGEON: FOR PROFESSIONAL AND FRIENDLY SERVICE

१. कम्पनी : ALIWAN ALDIMASHGI LAB — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ — चलानी नं. : ४९५० — LT. No. 144504

| क्र.सं. | कामदारको पद | पुरुष | SR | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | General Sweets Maker | 01 | 1500 | 42,240 | ८ घण्टा | ६ दिन | छ | छ |

२ कम्पनी : ALWAN ALDIMASHGI LAB — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ — चलानी नं. : ५८७३ — LT. No. 144506

| क्र.सं. | कामदारको पद | पुरुष | SR | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 04 | 1200 | 33,792 | ८ घण्टा | ६ दिन | छ | छ |

केन्द्रीय कार्यालय: पो.ब.नं. १४४८७, गुष्मारतु मार्ग ६९, बसुन्धारा, काठमाडौं
फोन: ४३८५९९८, ४३५२४७७, ९८५११२०७२४ फ्याक्स: ४३५४७८६
E-mail: info@pigeoninternational.com.np, www.pigeoninternational.com.np



## वर्गीकृत डिस्प्ले

सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते कपनदेखि बौद्धसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सन्तोष त्रिपाठी
राहदानी नं.: ०५७६०९१०
ठेगाना : कोशीदेखा -५, काभ्रेपलाञ्चोक
सम्पर्क : ९८४९९५९३७४

**बिमालेख हरायो**
मिति २०७१/१०/१ गते घरैमा नेपाल लाईफ इन्स्योरेन्स क.लि.को बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : गोपाल कार्की
बिमालेख नं. : १०८००७३५९
ठेगाना : संखुवासभा -३, मादीमुलखर्का
सम्पर्क : ४१६९१२९

**राहदानी हरायो**
मिति २०७२/७/२४ गते बसाहबाट बेल्टार सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : गजेन्द्र मगर
राहदानी नं.: ३६१००८७
ठेगाना : बसाहा-१, उदयपुर
सम्पर्क : ०३५४२०१९९

**राहदानी हरायो**
मिति २०७२/८/३ गते पिपलटार नुवाकोटदेखि त्रिशुली नुवाकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : नारायण भट्ट
राहदानी नं.: ०५९९८४९०
ठेगाना : विदुर न.पा. ५ नुवाकोट
सम्पर्क : ९८६०४०४३३१

**राहदानी हरायो**
मिति २०७२/६/२१ गते चारदोबाटोदेखि पुलबजारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : शर्मिला लोप्चन
राहदानी नं.: ४३३७१२६
ठेगाना : फलामेटार -९, काभ्रेपलाञ्चोक
सम्पर्क : ९८६०७१०३७२

**राहदानी हरायो**
मिति २०७२/६/२० गते पुलबजार देखि बनेपा बुडोलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : विकास लामा
राहदानी नं.: ४३३८७६२
ठेगाना : रविओपी -५, काभ्रेपलाञ्चोक
सम्पर्क : ९८६०४९३५५५

**राहदानी हरायो**
मिति २०७२/८/२ गते हेटौडाबजारमा जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : राम बाबु खड्का
राहदानी नं.: ०८०८९७३०
ठेगाना : वीरगन्ज-१६, पर्सा
सम्पर्क : ९८४५१६६७७४

**राहदानी हरायो**
मिति २०७२/७/२८ गते घरदेखि बेसीशहरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : राकेश वि.क.
राहदानी नं.: ०७४७३२१५
ठेगाना : गिलुङ-४, लमजुङ

**राहदानी हरायो**
मिति २०७२/४/२४ गते चौबिसकोटादेखि मालपोतसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : जनक बोगटी
राहदानी नं.: ०५८४२२४५
ठेगाना : गीतानगर-६, चितवन

**राहदानी हरायो**
मिति २०७२/५/१० गते चौबीकाटोदेखि मालपोतसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : कृष्ण बहादुर कामी
राहदानी नं.: ०९३०००४९
ठेगाना : दाहारबानी-६, चितवन

**राहदानी हरायो**
मिति २०७२/६/१० गते एयरपोटदेखि बसुन्धारासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सरोज भुजेल
राहदानी नं.: ०९७७३२३०
ठेगाना : काभ्रेपलाञ्चोक
सम्पर्क : ९८०२०२१३६१

**ग्रिन कार्ड हरायो**
मिति २०७२/०८/१० गते कालीमाटी देखि किर्तीपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको ग्रिन कार्ड हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी वा तलको ठेगानामा खबर गरिदिनु होला।
Name : Amrita T Bhadauria
Green card number : LIN1300750154
USCIS#: 205560334

**राहदानी हरायो**
मिति २०७२/६/१० गते बसुन्धारादेखि धुम्बाराहीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सर्मीला तामाङ
राहदानी नं.: ०८३७३१५२
ठेगाना : फुलासी-८, रामेछाप
सम्पर्क : ९८४३६८१३११

**राहदानी हरायो**
मिति २०७२/७/१० गते कलंकीदेखि पुरानो बसपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : दल बहादुर दमाई
राहदानी नं.: ०८०९३८२७
ठेगाना : ओट-१, रोल्पा
सम्पर्क : ९८०८५२४५१७

**राहदानी हरायो**
मिति २०७२/८/१० गते कलंकीदेखि न्यूरोडसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सिन्कु रन्जीतकार
राहदानी नं.: ०५८०६०४८
ठेगाना : खिच्चा पोखरी २२, काठमाडौं
सम्पर्क : ९८४१५०६९१५

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का**
क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु
बुटवल : (क्षेत्रीय कार्यालय) फोन : ०७१-४३७४५५
पोखरा : (क्षेत्रीय कार्यालय) फोन : ९८४६५६३५१३
नेपालगञ्ज : (क्षेत्रीय कार्यालय) फोन : ०८१-५२५५३४



| | |
|---|---|
| छापावाल प्रतितोला | - रु.४८,३००/- |
| तेजावी प्रतितोला | - रु.४८,०७०/- |
| चाँदी प्रतितोला | - रु.६७५/- |



# अर्थ



*भृकुटीमण्डपमा जारी १२औं राष्ट्रिय औद्योगिक सुटवुट प्रदर्शनीको अवलोकन गर्दै अर्थमन्त्री विष्णु पौडेल । मेला बुधबारसम्म चल्ने छ ।*
**तस्बिर : द्वारिका काफ्ले/राजधानी**

# बजार मूल्य अकासियो नियन्त्रण प्रयास शून्य

**राजधानी समाचारदाता**
काठमाडौं, १४ पुस

भारतले चार महिनादेखि गरेको अघोषित नाकाबन्दीले बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य अकासिएको छ। लामो समयदेखि इन्धन आपूर्ति हुन नसक्दा व्यापारीहरूले आफूखुसी खाद्यान्नदेखि इन्धनसम्मको मूल्यमा वृद्धि गरेका छन्। सर्वसाधारणको ढाडै सेक्ने गरी व्यापारीले मूल्य वृद्धि गरे पनि सरकारको नियामक निकायले कुनै चासो देखाएको छैन ।

बजारमा हरियो तरकारी, खाद्यान्न, विद्युतीय सामान, पेट्रोलियम पदार्थको चरम कालोबजारी भएको छ। विश्व खाद्य कार्यक्रम(डब्लूएफपी) ले हालै गरेको बजारको सर्वेक्षणअनुसार भारतको अघोषित नाकाबन्दी, इन्धन अभाव र आपूर्ति कम परिमाणमा भइरहेको भन्दै व्यापारीहरूले खाद्यान्नदेखि इन्धनसम्ममा आफूखुसी मूल्य कायम गरी बिक्री वितरण गर्दै आएका छन् ।

डब्लूएफपीका अनुसार सीमा अवरुद्धका कारण प्रभावित बनेको बजारमा अहिले एक्कासि मूल्यवृद्धि भएको छ । आपूर्तिको अभावमा खानेतेल, चामल, दाल, चिनी र नुनजस्ता अतिआवश्यक खाद्य बस्तुको हालैको समयमा मूल्य वृद्धि गरिएको छ। डब्लूएफपीका अनुसार गत भदौ महिनायता औसतमा दाल र खाने तेलको मूल्यमा ३० प्रतिशतले तथा गत वर्षको तुलनामा ५० प्रतिशतले मूल्यवृद्धि भएको छ ।

वैशाख १२ को भूकम्पबाट बढी प्रभावित दुर्गम क्षेत्रमा भने थप बढी मूल्यवृद्धि गरिएको छ। भूकम्प प्रभावित जिल्ला गोरखामा नाकाबन्दी अघि २ हजार ५ सय रुपैयाँ पर्ने २५ किलोको चामलको बोरालाई अहिले झन्डै दोब्बर अर्थात ५ हजार मूल्य पुऱ्याइएको छ। खाने तेल र चिनीको मूल्यमा पनि दोब्बरको हाराहारीमा मूल्यवृद्धि भएको डब्लूएफपीको अध्ययनले देखाएको छ।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले व्यापारीले अधिकांश सामानमा कृत्रिम अभाव गराई मूल्यवृद्धि गराएको बताए। बजारमा अधिकांश सामानमा कालोबजारी भएको छ,' उनले भने, 'सरकारले बजार नियन्त्रण गर्न नसक्दा उपभोक्ताले प्रत्यक्ष मार खेप्नुपरेको छ ।'

डब्लूएफपीका अनुसार नाकाबन्दी अघि १ हजार ४ सयमा पाइने खाना पकाउने ग्याँसको सिलिन्डरलाई व्यापारीले ८ हजारदेखि ११ हजारसम्म मूल्यवृद्धि गरेका छन् । व्यापारीले ग्याँसमा ६ सय ३० प्रतिशतसम्म मूल्य वृद्धि गरेको डब्लूएफपीले जानकारी दिएको छ ।

नेपाल खुद्रा व्यापार संघका अनुसार उद्योग र थोक व्यापारीले इन्धन अभाव, बढी मूल्यको इन्धन र ढुवानीको बढ्दो खर्चको कारण देखाउँदै दैनिक उपभोग्य सामग्रीको मूल्यवृद्धि गरेका छन्। संघका अध्यक्ष पवित्र बज्राचार्यले उद्योग र थोक व्यापारीले पाउरोटी, चाउचाउ, अन्डा, खानेतेल, कस्मेटिक्सका सामाग्रीमा मूल्यवृद्धि गरेको बताए। 'अहिले उद्योग र थोक बिक्रेताबाटै सामग्रीको मूल्यवृद्धि भएर आइरहेको छ,' अध्यक्ष बज्राचार्यले भने, 'राज्यले प्रभावकारी रूपमा अनुगमन नगर्दा त्यसको प्रत्यक्ष मार उपभोक्ताले बेहोर्नुपरेको छ ।'

संघकाअनुसार २ सय ९० पर्ने अन्डाको क्रेटलाई अहिले ३ सय २० देखि ३ सय ५० सम्म, पाउरोटीको प्याकेटमा १० रुपैयाँ, चाउचाउमा १५ को साटो १६ भए पनि २० रुपैयाँ घटीमा बजारमा पाइँदैन ।

यसैगरी खानेतेलमा १ सय २० बाट ३ सयसम्म मूल्यवृद्धि गरिएको छ। 'उत्पादकदेखि थोक बिक्रेताको मिलोमतोमा बजार अभाव गराएर बढी मूल्यमा दैनिक उपभोग्य वस्तु बिक्री गर्ने परिपाटी नै चलाइयो,' अध्यक्ष बज्राचार्यले भने। डब्लूएफपीले अहिलेको असहज अवस्थामा खाद्य वस्तुको भएको मूल्यवृद्धिले सर्वसाधारणको दैनिक जनजीवन थप कष्टकर बनेको औंल्याएको छ ।

# राजस्व असुलीमा कमी

**राजधानी समाचारदाता**
काठमाडौं, १४ पुस

पछिल्लो समयमा सरकारी राजस्व संकलनमा उल्लेख्य रूपमा कमी आएको छ ।

अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको मंसिर महिनासम्म राजस्व असुलीको लक्ष्य १ खर्ब ६२ अर्ब रुपैयाँ रहेकामा मुलुकमा उत्पन्न असहज अवस्था एवं आपूर्ति प्रणालीमा देखिएको अवरोधका कारण सो अवधिमा १ खर्ब १२ अर्ब मात्र असुली भएको छ। यो रकम लक्ष्यको ६९ प्रतिशत हो ।

आन्तरिक उत्पादनमा कमी, न्यून आयात,तथा आपूर्ति प्रणालीमा देखिएको असहज अवस्था आदिले गर्दा राजस्व संकलनमा प्रभाव पर्न गएको तथा मूल्यवृद्धिमा चाप पर्न गएको अर्थ मन्त्रालयद्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

समीक्षा अवधिसम्म पुँजीगत खर्च करिब ६ प्रतिशतको हाराहारीमा मात्र भएको र खर्च गर्ने समय करिब ४५ प्रतिशत सकिइसकेको हुँदा पुँजीगत खर्च लक्ष्यबमोजिम हुन नसक्दा चालु खर्चसमेत प्रभावित हुन गई राष्ट्रिय प्राथामिकताका आयोजनाको समेत पुनप्राथमिकीकरण गर्नुपर्ने अवस्था रहेको मन्त्रायले जनाएको छ ।

राजस्वको संरचनामा उल्लेखनीय परिवर्तन नभएता पनि कर राजस्व गत आवको तुलनामा कमी भएको छ। शीर्षकगत असुलीमा आयकरतर्फ गत वर्षको तुलनामा राजस्व असुलीमा कमी नआएता पनि विगतका ३ वर्षमा साउन महिनाबाहेक अन्य सम्पूर्ण राजस्व शीर्षकहरूको असुलीमा कमी आएको छ ।

भन्सार राजस्वमा मंसिर महिनामा केही सुधारका संकेत देखिएता पनि वीरगन्ज नाकामा रहेको अवरोध नहटेसम्म राजस्वमा सकारात्मक परिवर्तन नआउने अविज्ञप्तिमा उल्लेख छ ।

कात्तिक महिनासम्ममा शोधानान्तर बचत र व्यापार घाटा सकारात्मक भएता पनि अर्थतन्त्रका सबै गतिविधि शिथिल हुन गई आयाततर्फ मात्र करिव ३१ अर्ब राजस्वमा कमी आएको उल्लेख छ ।

बढ्दो शोधानान्तर बचत, अत्याधिक विदेशी मुद्राको सञ्चिति, अधिक तरलता, न्यून सरकारी खर्च र खुम्चिएको अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न आवश्यक भएको विज्ञप्तिमा उल्लेख छ ।

# भायोनेटले ल्यायो १० एमबीपीएस स्पिडको फाइबर होम रस




**काठमाडौं/रास–** 'फाइबर टु द होम' इन्टरनेट सेवा प्रदायक, भायानेट कम्युनिकेसनले, होम इन्टरनेट समूहअन्तर्गत 'फाइबरहोम रस' बजारमा ल्याएको छ ।

२ एमबीपीएस स्पिडको यस नयाँ उत्पादनमा स्पिड बुस्ट सुविधा रहेको छ, जसअनुसार प्रयोगकर्ताले आफ्नो आवश्यकता अनुरूप स्पिड १० एमबीपीएससम्म बढाउन सक्ने छन् ।

फाइबर होम रसको साथमा प्रतिमहिना १ हजार ८ सयको मूल्यमा ८० जीबी डाटा पाइने छ र साथै वार्षिक ग्राहक बनेबापत ६ महिनासम्मको डाटा निःशुल्क पाइने कम्पनीले बताएको छ ।

यसैगरी, नयाँ वर्षको अवसरमा हरेक होम प्याकेज ग्राहकका लागि एक महिनाको इन्टरनेट सेवा निःशुल्क गरिएको छ। यो योजना जनवरी २०१६ सम्म लागु हुने कम्पनीले बताएको छ। भायानेट कम्युनिकेसनले अझै राम्रो सुविधा र दरमा नयाँ 'सोहो' प्याकेज पनि ल्याएको छ।

# बिहीबार ठमेलमा न्यु इयर इभ विशेष कार्यक्रम हुने



**काठमाडौं/रास–** आगामी बिहीबार राजधानीको पर्यटकीय बजार ठमेलमा न्यु इयर इभ विशेष कार्यक्रम हुने भएको छ। ठमेल पर्यटन विकास परिषद्को आयोजनामा आगामी अंग्रेजी नयाँ वर्ष २०१६ को उपलक्ष्यमा हरेक वर्ष झै यसपालि पनि न्यु इयर इभ विशेष बृहत् कार्यक्रम गर्न लागेको हो। सो कार्यक्रमको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले गर्ने छन्।

बिहीबार रातभर ठमेलमा विविध खानाको परिकार १० देखि १५ प्रतिशतको छुटमा चाख्न पाइने बताइएको छ । यसैगरी, ठमेल सडक महोत्सव परिषद्ले विगतका वर्षमा झै यसपालि पनि ठमेलको त्रिदेवीमार्गमा आयोजना गर्ने छ। सो न्यु इयर इभ उत्सवलाई महोत्सवमय बनाउन विभिन्न मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुतिहरू हुने परिषद्ले जनाएको छ ।

परिषद्का अध्यक्ष रामशरण थपलियाले बिहीबार रातभर सोही कार्यक्रममा डिजे तेन्जिङको 'डिजेइङ' रहने र सोरठी, सालेजु, कौडा, मेहेन्दोमायाँ, एकल तथा लोकदोहोरीलगायतका सांस्कृतिक, सांगितिक प्रस्तुति रहने जानकारी दिए । अध्यक्ष थपलियाका अनुसार बिहीबार साँझ ५ बजे उद्घाटन हुने सो महोत्सवको सांगीतिक कार्यक्रम मध्यरातसम्म जारी रहने भने महोत्सव बिहान ४ बजेसम्म खुला रहनेछ । ठमेल क्षेत्रका व्यवसाय रातभरि खुला रहने छन्।

उनले अहिले यस महोत्सवको सम्पूर्ण तयारी पूरा भएको बताए । उनले सुरक्षाका लागि ३ सयभन्दा बढी प्रहरी तैनाथ गरिने बताए। उनले यस कार्यक्रमका लागि करिब १५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको बताए। सो महोत्सवको प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड रहेको छ भने प्रयोजकमा एसियन डिस्टिलरी प्रालि रहेको छ।

# एलजीको नयाँ भ्याकुम क्लिनर

**काठमाडौं/रास–** एलजी ब्रान्डको नेपालका लागि आधिकारिक बिक्रेता सीजी इलेक्ट्रोनिक्सले नयाँमोडेलका एलजी भ्याकुम क्लिनर बजारमा ल्याएको छ। दक्षिण कोरियामा डिजाइन गरिएको सो नयाँ उत्पादनको २१ लिटर धुलो बोक्ने क्षमतासँगै भ्याकुमभित्र धुलो कति छ देखाउने सूचक पनि रहेको छ। २२०० वाट र ठुलो चक्का भएको कारणले गर्दा तपाईंको भुइँलगायत फर्निचर सजिलै सफा गर्नका साथै हात पुग्न गाह्रो हुने कुनाकाप्चाबाट पनि सजिलै धुलो सफा गर्न सकिने कम्पनीले बताएको छ ।



# युरोपेली संघद्वारा भूकम्पपीडितका लागि ३४ करोड सहयोग

**काठमाडौं/रास–** भूकम्पका कारण पीडादायी जीवन बिताउन बाध्य दुर्गम हिमाली समुदायसम्म आश्रय र आपत्कालीन सहयोग सामग्रीको आपूर्तिमा सहयोग पुऱ्याउन युरोपेली संघ (ईयू)ले संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) लाई ३४ करोड (३० लाख युरो) रुपैयाँ प्रदान गरेको छ ।

युरोपेली संघबाट प्राप्त सहयोग डब्लूएफपीको दुर्गम पहुँच कार्यक्रम (आरएओ) का लागि खर्च हुने संघले बताएको छ। कार्यक्रमले हिमाली भरिया, गाइड र खच्चड सञ्चालकलाई परिचालित गर्दै आएको छ, जसमध्ये केहीले भूकम्पपछि पर्यटन उद्योगसँग सम्बन्धित यी काम गुमाउन पुगेका थिए। ईयूको यो सहयोग डब्लूएफपीद्वारा हेलिकोप्टर र ट्रकका लागि इन्धनको अभावले भूकम्पपछिको राहतकार्यमा भरिया र खच्चडमाथि आफ्नो निर्भरता बढ्न गएको घोषणा गरेको केही सातापछि नै आएको हो ।

'भूकम्प र त्यसपछि सीमा नाकामा भइरहेको अवरोधले निम्त्याएको अत्यावश्यक सामग्रीको अभावले नेपालका धेरै जनाको जनजीविकालाई जोखिममा पारेको छ,' डब्लूएफपी नेपालकी राष्ट्रिय निर्देशक पिप्पा ब्राडफोर्डले भने, 'अहिलेसम्म १९ हजार ३ सय जनालाई रोजगार प्रदान गरी १ लाख २७ हजार भन्दा बढीलाई सडक, गोरेटो र बजारसम्म पहुँच पुनःस्थापित गरिसकेको यस परियोजना केही जनजीविकाको पुनःस्थापन र ज्यादै जोखिममा रहेकालाई सहयोग पुऱ्याउन महत्त्वपूर्ण सावित भएको छ।'

आरएओ कार्यक्रममार्फत डब्लूएफपीले मानवीय सहयोगी समुदायको तर्फबाट १ हजार ३ सय ३० मेट्रिक टनभन्दा बढी कार्गो वितरण गरिसकेको र भूकम्प, त्यसपछिका परकम्प र वर्षाका कारण क्षति पुगेको ८ सय ९० किलोमिटर हिमाली गोरेटो खुलाउन स्थानीय समुदायका सदस्यलाई रोजगारी प्रदान गरेको संघले बताएको छ।

# नवीकरणीय ऊर्जा प्रदर्शनी हुने

**काठमाडौं/रास–** सर्वसाधारणलाई नवीकरणीय ऊर्जाबारे जानकारी दिने उद्देश्यले १७ पुसदेखि तिनदिने प्रदर्शनी हुने भएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको आयोजनामा १७ पुसदेखि १९ पुससम्म नवीकरणीय ऊर्जाका प्रविधि र सामग्रीको प्रदर्शनी हुने भएको हो ।

'ऊर्जा सुरक्षाका लागि नवीकरणीय ऊर्जा' भन्ने मूल नाराका साथ आयोजना हुन लागेको प्रदर्शनीमा सौर्य ऊर्जा (सोलार), सुधारिएको चुलो, बायोग्याँस, लघुजलविद्युत्, वायु ऊर्जालगायतका प्रदर्शनीका साथै यी विषयका बारेमा अन्तरक्रिया गरिने केन्द्रका कार्यकारी निर्देशक रामप्रसाद धितालले जानकारी दिए ।

'लोडसेडिङको समस्याको विकल्पका रूपमा रहेको नवीकरण ऊर्जा प्रविधिको पहुँच वृद्धि गर्न प्रदर्शनीले सहयोग गर्ने अपेक्षा गरेका छौं,' उनले भने, 'यसले दुर्गम तथा सहरी क्षेत्रहरूका उपभोक्तालाई जानकारी दिन सहयोग पुग्नेछ।' उनका अनुसार काठमाडौंको भृकुटीमण्डमा आयोजना हुने प्रदर्शनीमा नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिका बारेमा १ सय २५ स्टलहरू रहने छन् ।

प्रदर्शनीमा सहरी सोलारमा दिने अनुदान, सहुलियत ऋण, फोहोर मैलाबाट ऊर्जा उत्पादनलगायतका विषयमा समेत जानकारी दिने केन्द्रले जनाएको छ । विभिन्न सरकारी तथा निजी क्षेत्रका कम्पनी प्रदर्शनीमा सहभागी हुन लागेका छन् ।

# २३ पुसदेखि चेम्बर एक्स्पो

**राजधानी समाचारदाता**
काठमाडौं, १४ पुस




स्वदेशी वस्तुको प्रवर्द्धन र अन्तर्राष्ट्रिय बजार विस्तारका लागि नेपाल चेम्बर अफ कमर्सले 'नेपाल चेम्बर एक्स्पो' गर्ने भएको छ। आगामी २३ देखि २७ पुससम्म राजधानीको भृकुटीमण्डपमा सञ्चालन हुने सो एक्स्पोमा कोरियाली खाना र विविध सामानको प्रदर्शनी विशेष आकर्षणको केन्द्र हुने छ ।

एक्पोका बारेमा जानकारी दिन चेम्बरद्वारा मंगलबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले यस एक्स्पोमा कुल ३ सय ७५ ओटा स्टल रहने बताए। दक्षिण कोरियाका ४०, पाकिस्तानका १०, चीनको १०, बंगलादेशको १० र बाँकी भियतनामको स्टल रहने उनले जानकारी दिए ।

चेम्बर एक्पोमा स्वदेशी वस्तुको छुट्टै 'मेड इन नेपाल' स्टलसमेत रहने उनले बताए। चेम्बरका अध्यक्ष श्रेष्ठले स्वदेशी वस्तुको प्रवर्द्धन र अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन मेला आयोजना गरिएको बताए । 'अन्तर ाष्ट्रिय स्तरको मेलामा स्वदेशी र विदेशी व्यवसायीको जमघट हुने छ। यसले नेपाली वस्तु प्रवर्द्धनका सहयोग पुग्ने दाबी गर्दै श्रेष्ठले भने, 'वस्तु व्यापार प्रवर्द्धन हुन सकेमा व्यापार घाटा पनि कम गर्न सकिन्छ।'

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ईश्वरीप्रसाद घिमिरेले अहिलेको असहज अवस्थामा निजी क्षेत्रको आत्मविश्वास बढाउन मेला सहयोगी हुने दाबी गरे। 'भूकम्प र नाकाबन्दीपछि निजी क्षेत्र अत्यन्तै समस्यामा छन्। व्यापार निराशाजनक अवस्थामा छ,' उनले भने, 'यो असहज अवस्थामा निजी क्षेत्रको आत्मविश्वास बढाउन यो मेला सहयोगी हुने विश्वास लिएका छौं।'

उनले अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि केन्द्रले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाली वस्तु प्रवर्द्धनका लागि हरसम्भव प्रयास गर्ने बताए।'हामीले अन्तर्राष्ट्रिय व्यापारलाई अल्पकालीनभन्दा दीर्घकालीन हेरेर अघि बढेका छौं,' कार्यकारी निर्देशक घिमिरेले भने, 'दीर्घकालीन रूपमा व्यापार विस्तारका लागि ट्रेडमार्क दर्तालगायतका प्रक्रियासमेत अघि बढाएका छौं।'

केन्द्रले पछिल्लो समयमा पशिमनाको अन्तर्राष्ट्रिय ट्रेडमार्क दर्ता गरिसकेको छ । च्यांग्रा पस्मिनाको ट्रेडमार्क दर्ता भएपछि पस्मिनाको निकासीसमेत बढेको छ । गलैंचा, अलैची र कफीको ट्रेडमार्कसमेत दर्ता प्रक्रियामा छ। केन्द्रले स्वदेशमा हुने मेला महोत्सव र अन्तर्राष्ट्रिय स्तरमा हुने मेलामा सहभागिताको लागि सहयोग गर्छ।

केन्द्रले चेम्बर एक्स्पोलाई समेत त्यही नीतिअनुसार सहयोग गरेको हो । एक्स्पोमा इलेक्ट्रिक सामान, मोबाइल, तयारी पोसाक, गाडी, खाद्यान्न र जुत्ताचप्पल रहने आयोजकले बताए। एक्स्पोमा दक्षिण कोरियाका दुईओटा सांस्कृतिक कार्यक्रम, कोरियन फुडको स्टल रहनेछ भने कोरियाली सामग्रीको विशेष प्रदर्शनी रहनेछ।

## नेपाल राष्ट्र बैंक

### विदेशी मुद्राको विनिमय दर (बुधबार १५ २०७२)

| देश/मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १०५.५१ | १०६.११ |
| युरो | १ को | ११५.८० | ११६.४५ |
| पाउन्ड स्ट्रलिङ्ग | १ को | १५७.४७ | १५८.३७ |
| स्विस फ्रयांक | १ को | १०६.७७ | १०७.३८ |
| अस्ट्रेलियन डलर | १ को | ७६.५९ | ७७.०३ |
| क्यानेडियन डलर | १ को | ७६.०९ | ७६.५३ |
| सिंगापुर डलर | १ को | ७४.९७ | ७५.४० |
| जापानी येन | १० को | ८.७५ | ८.८० |
| चिनियाँ युआन | १ को | १६.२६ | १६.३५ |
| साउदी अरब रियाल | १ को | २८.१२ | २८.२८ |
| कतारी रियाल | १ को | २८.९७ | २९.१४ |
| थाइ भाट | १ को | २.९२ | २.९४ |
| संयुक्त अरब इमिरेट्स दिराम | १ को | २८.७३ | २८.८९ |
| मलेसियन रिंगिट | १ को | २४.५५ | २४.६८ |
| दक्षिण कोरियन वन | १०० को | ९.०५ | ९.१० |
| **खरिद मात्र** | | | |
| स्विडिस क्रोनर | १ को | १२.५९ | - |
| डेनिस क्रोनर | १ को | १५.५२ | - |
| हङकङ डलर | १ को | १३.६१ | - |
| कुबेती दिनार | १ को | ३४७.८७ | - |
| बहराइन दिनार | १ को | २७९.७५ | - |

**नोट**
- यो विनिमय दरलाइ बैंकले आवश्यकताअनुसार जुनसुकै समयमा पनि संशोधन गन सक्नेछ।
- वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
- अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको आधिकारिक बिक्रेताहरू पहिचान सम्बन्धि प्रस्ताव आव्हान गरिएको सूचना ।**

यस प्रतिष्ठानको **ENT Department** मा रहेको **MEDTRONIC** को **IPC Microdebrider** मा प्रयोग हुने **Consumables** आपूर्ति गर्ने नेपाल स्थित उक्त कम्पनिको आधिकारीक बिक्रेता **M/S. Himalayan MediTech Pvt.Ltd, Kathmandu** बाहेक अन्य कुनै फर्म वा संस्था भए **ईजाजत पत्र, भ्याट दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण साथै उक्त कम्पनिको आधिकारीक बिक्रेताको प्रमाण पत्र** सहित यो सूचना प्रकाशन भएको मितिले मितिले ७ (सात) दिन भित्र प्रतिष्ठानको दर्ता फाटमा प्रस्ताव दर्ता गराउनुहुन जानकारी गराईन्छ ।

**कुमारी बैंक लिमिटेडको संस्थापक शेयर उपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस बैंकका तपसिलमा उल्लिखित संस्थापक शेयरधनीको मिति २०७१।०८।२५ मा कालगतिले मृत्यु भई मृतकको नाममा रहेको संस्थापक शेयर आफ्नो नाममा नामसारी गरि पाउं भनि मृतक शेयरधनीको पत्नी कल्पना पाण्डेले यस बैंकमा निवेदन पेश गरेको हुंदा उल्लिखित शेयरहरु उपर निज निवेदीका बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो सबुद प्रमाण सहित यस बैंकको नक्साल, काठमाडौं स्थित शेयर शाखामा प्राप्त हुने गरी हकदावीको लागि निवेदन दिनुहुन अनुरोध गरिन्छ। तोकिएको म्याद भित्र प्राप्त नभएको र सबुद प्रमाणविना प्राप्त हकदावी उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| मृत्यु नामसारीको लागि निवेदन दिनेको विवरण | | | |
|---|---|---|---|
| क.सं. | मृतक शेयरधनीको नाम ठेगाना | निवेदकको नाम ठेगाना तथा मृतकसंगको नाता | शेयर कित्ता |
| १ | श्री उदय राज पाण्डे धुनदेवी-०४,काठमाडौं । | कल्पना पाण्डे, धुनदेवी-०४,काठमाडौं (पत्नी) | ८,५०४ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
नक्साल, काठमाडौं, फोन नं.४-४१५१७३,फ्याक्स:४-४१४१२६, पो.ब.नं.२११२८ ।

**आवश्यकता**

**प्रथम पटक प्रकाशित मिति : २०७२ पौष १५गते बुधबार**

नेपाल रेडक्रस सोसाइटी रसुवा जिल्ला शाखाद्वारा रसुवा कायामां, सरमथली, भोर्ले, धैबुङ, लहरेपौवा, डाँडागाउँ र ठुलोगाउँ गाविसमा सञ्चालनहुन गैरहेको **भूकम्पपुनर्लाभ कार्यक्रम**का लागि तपसीलको योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**पद :** सामाजिक परिचालक
**आवश्यक संख्या :** केही
**कार्यक्षेत्र :** सम्बन्धित गाविस
**आवश्यक योग्यता :** १०+२ वा TSLC उतीर्ण, सम्बन्धित गाविसको स्थानीय बासिन्दा
**उमेर :** १९ वर्ष पुरा भै ४० वर्ष ननाघेको
**कार्यअनुभव तालिम तथा सीप :** रेडक्रस अभियानमा संलग्न, भूकम्प प्रतिकार्यमा कार्य गरेको, स्थानीय भाषाको ज्ञान, बैठक तथा तालिम संचालन र स्थानीय स्तरमा समन्वय तथा संचार गर्न सक्ने, सामाजिक परिचालक वा कुनै संघ संस्थामा रहीकार्य गरेको, समय सन्दर्भ अनुसार कार्य गर्न सक्ने क्षमता भएको कम्प्युटर सम्बन्धी ज्ञान भएको।
**परीक्षाको किसिम :** लिखित तथा मौखिक
**आवेदन फाराम पाइने ठेगाना :** नेपाल रेडक्रस सोसाइटी रसुवा जिल्ला शाखा, धुन्चे फोन नं.: ०१०-५४०१९५
**आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. अनुभवको प्रमाण पत्रको प्रतिलिपि
४. प्राप्त गरेको तालिमको प्रमाण पत्रको प्रतिलिपि
५. आवेदकको व्यक्तिगत विवरण (Bio data)
आवेदकहरुले मिति २०७२ पौष २३ गते कार्यालय समयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।
**नोट :** सर्टलिस्ट मा छनोट भएकाहरुलाई मात्र लिखित परिक्षामा सामेल गराईने छ।

**डिभिजन सडक कार्यालय, धनकुटाको सूचना**

यस कार्यालयको सूचना नं. ०४-०७२/७३, मिति २०७२/८/२७ गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार माग गरिएको शिलबन्दी बोलपत्रहरु मध्ये **Contract Identification No. DRODKT3373564/072/73-027, Road Improvement and Rehabilitation Works on Koshi Highway (Hile-Basantapur Section)** सम्बन्धी कार्य मात्र विशेष कारणवश रद्द गरिएको छ । उपरोक्त ठेक्का बाहेक सि.नं. १ देखि ११ सम्मका अन्य सडक निर्माण तथा मर्मत कार्यहरुको हकमा सोही सूचनामा उल्लेखित व्यहोरा नै यथावत रहेको सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

# आर्सनल शीर्ष स्थानमा

## चेल्सी र म्यानयुले अंक बाँडे



**लन्डन/एजेन्सी–** उपाधि होडमा रहेको आर्सनलले इंग्लिस प्रिमियर लिगअन्तर्गत सोमबार भएको खेलमा बोर्नेमाउथलाई हराउँदै लिगको शीर्ष स्थानमा उक्लिँदा जारी सिजन खराब प्रदर्शनको सिकार भएका चेल्सी र म्यानचेस्टर युनाइटेडले भने बराबरी खेल्दै अंक बाँडेका छन् ।

चेल्सीविरुद्ध आक्रामकक खेल खेले पनि म्यानचेस्टर युनाइटेड गोल गर्न असफल रह्यो । यद्धपि निरन्तर हारको यात्रा गरेको चेल्सीले भने बराबरीपछि राहतको सास फेर्न सफल रह्यो । अधिकांश समय बल आफ्नो नियन्त्रणमा राखेको युनाइटेडले केही राम्रा मौकाहरू सिर्जना गरे पनि गोल गर्न भने सकेन् ।

१९९० यताकै खराब प्रदर्शनको सिकार भएको युनाइटेड निरन्तर आठौं खेलसम्म जित आत्मसात् गर्न सकेको छैन् । यद्यपि, उसले चेल्सीविरुद्ध भने हेर्न लायक प्रदर्शन गरेको थियो । चेल्सीसँगको बराबरी सँगै राजीनामाको चर्चा चलेका प्रशिक्षक भान गालले राजीनामा विकल्प नभएको बताएका छन् । यसअघि स्टोसंगको खेलपछि निराश बनेको भन्दै म्यान्यु प्रशिक्षक गालले राजीनामा दिने बताइएको थियो । बराबरीपछि म्यानचेस्टर युनाइटेड ३० अंकका साथ लिग अंक तालिकामा छैटौं स्थानमा रहेको छ । २० अंक जोडेको चेल्सी १४औं स्थानमा छ र उसका रेलिगेसन खतरा कायमै छ ।

गत शनिबार साउथहेम्टनसँग अप्रत्यासित हार बेहोरेको आर्सनलले सोमबार राति भएको खेलमा भने समाल्लिएको प्रदर्शन गर्दै बोर्नेमाउथलाई २-० ले पाखा लगायो । खेलमा आर्सनलले २७औं मिनेटमा गाब्रियलको गोलबाट अग्रता लिएको थियो । उनले ओजिलको कर्नरमा हेडमार्फत आकर्षक गोल सम्भव बनाएका थिए ।

पहिलो हाफमा १-० को अग्रता कायम गरेको आर्सनल दोस्रो हाफमा थप एक गोल गर्न सफल रह्यो । उसले ६३औं मिनेटमा ओजिलले नै गरेको गोलबाट अग्रता दोब्बर बनायो । जितसँगै आर्सनल सिटी र लिसास्टर सिटीको खेलअघिसम्म शीर्ष स्थानमा रहन सफल भयो । उसको १९ खेलबाट ३९ अंक बनाएको छ । एक खेल कम खेलेको लिसेस्टर ३८ अंक रहेको छ भने सिटीको ३५ अंक रहेको छ ।

# अस्ट्रेलियालाई सिरिज



**मेलबर्न/एजेन्सी–** अस्ट्रेलियन क्रिकेट टिमले मेलबर्न क्रिकेट मैदानमा भएको दोस्रो टेस्टको चौंथो दिन वेस्टन्डिजलाई १ सय ७७ रनले पराजित गर्दै ३ खेलको सिरिज एक खेल बाँकी छँदै २-० ले जितेको छ ।

अस्ट्रेलियाले आफ्नो पहिलो पारी ५ सय ५१ रनमा घोषणा गरेको थियो । जवाफमा वेस्टइन्डिजले २ सय ७१ रन मात्र बनाउन सफल भएको थियो । अस्ट्रेलियाले आफ्नो दोस्रो पारी १ सय ७९ रनमा घोषणा गरेको थियो । उसले समग्रतमा वेस्टइन्डिजविरुद्ध ४ सय ६० रनको विसाल लक्ष्य प्रस्तुत गरेको थियो । जुन लक्ष्य वेस्टइन्डिजले हासिल गर्न सकेन । उसको पूरा टिम २ सय ८१ रनमा अलआउट भयो ।

विशाल लक्ष्य पछ्याएको वेस्टइन्डिजलाई ३५ रन बनाउँदा नै पहिलो झट्का लागेको थियो । उसका ओपनर ब्याट्सम्यान क्रेग ब्रेथवेट ३१ रनको स्कोरमा पेविलिन फर्किएपछि वेस्टइन्डिजका ब्याट्सम्यान खासै टिक्न सकेनन् ।

१ सय ५० रन जोड्दा ५ विकेट गुमाएको वेस्टइन्डिजलाई दिनेश रामदिन (५९) र कप्तान जेसन होल्डर (६८) ले छैटौं विकेटका लागि १ सय रनको साझेदारी गर्दै खेलमा केही समय टिकाएका थिए । यी दुई बिचको साझेदारी टुटेपछि पुरै टिम २ सय ८२ रनमा समेटियो । अस्ट्रेलियाका लागि मिचेल मार्सले सर्वाधिक ४ विकेट लिए । त्यस्तै नाथन लियोनले ३ तथा जेम्स पेटिनसनले २ विकेट चट्काएका थिए । १ विकेट पिटर सिडलका नाममा रह्यो ।

यसअघि आफ्नो पहिलो पारीमा अस्ट्रेलियाले ओपनर ब्याट्सम्यान जोए बर्न्स, उस्मान ख्वाजा, कप्तान स्टिवन स्मिथ र एडम वोग्सको शतकका मद्दतमा ५ सय ५१ रन बनाएको थियो ।

उसले दोस्रो पारीमा स्मिथको ७० तथा ख्वाजाको ५६ रनको अर्धशतकका मद्दतमा १ सय ७९ रनमा दोस्रो पारीको घोषणा गरको थियो । खेलमा ७ विकेट लिने नाथन लियोन म्यान अफ द म्याच घोषित भए ।

# बुटवलमा क्षेत्रीय भलिबल सुरु

**विनोद परियार/राजधानी**
रूपन्देही, १४ पुस

तेस्रो पश्चिमाञ्चल क्षेत्रीय पुरुष भलिबल प्रतियोगिता मंगलबारदेखि बुटवलमा सुरु भएको छ । स्व. किरण गुरुङ स्मृतिमा प्रतियोगिता सुरु गरिएको हो । बुटवलमा जारी लुम्बिनी एक्स्पो, अन्तर्राष्ट्रिय व्यापार मेला-२०७२ को अवसरमा प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगिताअन्तर्गत मंगलबार भएको उद्घाटन खेलमा स्याङजा र गुल्मी विजयी भएका छन् ।

उद्घाटनको पहिलो खेलमा रूपन्देहीलाई ३-० को सोझो सेटले हराउँदै स्याङजा विजयी भएको हो । उसले रूपन्देहीलाई २५-१४, २५-१८ र २५-१७ ले पराजित गर्‍यो ।

त्यस्तै, दोस्रो खेलमा अर्घाखाँचीलाई ३-० को सोझो सेटले हराउँदै गुल्मी विजयी भएको छ । उसले अर्घाखाँचीलाई २५-१२, २५-१३ र २५-१९ ले पराजित गर्‍यो ।

प्रतियोगितामा बुधबार ४ खेल हुने छन् । बिहान १० बजेबाट हुने प्रतियोगितामा पाल्पा र कपिलवस्तु, नवलपरासी र पर्वत, अर्घाखाँची र बागलुङ, म्याग्दी र कपिलवस्तुका बिच हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा गुल्मी, स्याङ्जा, पर्वत, पाल्पा, अर्घाखाँची, गोर्खा, नवलपरासी, रूपन्देही, म्याग्दी, बागलुङ, कपिलवस्तु गरी ११ टिमको सहभागिता रहेको क्लबका अध्यक्ष मिलन रानाले बताए ।

प्रतियोगितामा विजेता टिमले कपसहित नगद ६० हजार, प्रमाणपत्रबाट पुरस्कृत गरिने जनाइएको छ । उपविजेता टिमलाई नगद ४० हजार, प्रमाणपत्र तथा तृतीयलाई नगद २० हजार र सान्त्वना टिमलाई नगद १० हजारबाट पुरस्कृत गरिने छ ।

## छोटकरी

### भारत जाँदै यू-१९ टिम

**काठमाडौं/रास–** आगामी ८ माघ देखी २ फागुनसम्म बंगलादेशको ढाकामा चल्न लागेको यू-१९ विश्वकप क्रिकेटको तयारीका लागि नेपाली टिम बुधबार बिहान अभ्यासका लागि भारत प्रस्थान गर्दै छ ।

प्रतियोगितालाई मध्यनजर राख्दै विशेष प्रशिक्षण एवं अभ्यास खेल खेल्न २४ सदस्यीय नेपाली यू-१९ राष्ट्रिय टिम भारत जान लागेको हो । नेपाली यू-१९ राष्ट्रिय टिम त्यहीँबाट ढाका प्रस्थान गर्ने छ । टिम ४ फागुनमा स्वदेश फर्किने कार्यक्रम रहेको छ ।

### साइपाललाई उपाधि

**काठमाडौं/रास–** साइपाल एकेडेमी 'ए' ले प्रथम आइडियल कप अन्तरकलेज सिक्स ए साइड छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ । मंगलबार भएको फाइनलमा उसले आफ्नै 'बी' टिमलाई पाखा लगायो ।

आइडियल इंग्लिस उमाविको आयोजनामा चाबहिलको गणेशथानमा भएको फाइनलमा साइपालले आफ्नै 'बी' टिमलाई १-० ले पाखा लगाउँदै उपाधि जित्यो । उसका लीाग उजन लामाले निर्णायक गोल गरे । उपाधिसँगै साइपाल 'ए' ले १० हजार नगद पुरस्कार पायो । साइपाल 'बी' ले ५ हजार नगदमा चित्त बुझायो । साइपाल 'ए' का सुशन श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए । साइपाल 'ए' कै द्वय कृष्ण लामा गोलरक्षक तथा अजय तामाङ डिफेन्समा उत्कृष्ट ठहरिए । नासा इन्टरनेसनल कलेजका विसन मगर उत्कृष्ट मिडफिल्डर चुनिए ।

### नेपाल तेस्रो

**काठमाडौं/रास–** नेपालले एसियाली जुनियर टेनिस टिम कपको यू-१४ स्पर्धामा तेस्रो स्थान हात पारको छ । सोमबार राति कतारको दोहामा भएको खेलमा नेपालले कतारलाई २-१ ले पराजित गर्‍यो ।

पहिलो सेटमा ६-० ले विजयी संरक्षकभूषण बज्राचार्य दोस्रो सेटमा १-४ ले पछि परे पनि कमब्याक गर्दै ७- ६ ले खेल जिते । प्रणव खनाल भने ६-४ र ६-२ ले पराजित भए । डबल्समा नेपाली जोडी ६-० र ६-२ ले विजयी भयो ।

नेपालले प्रतियोगितामा लागातार दुई संस्करणमा तेस्रो स्थान हात पारेको हो । पहिलो चरणमा नेपाल भारतसँग पराजित भएको थियो भने दोस्रो खेलमा कतारलाई हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो ।

# ब्याडमिन्टन खेलाडी छनोट टुंगियो



**काठमाडौं/रास–** भारतमा हुने दक्षिण एसियाली खेलकुद (साग) को १२औं संस्करणमा सहभागी हुने ब्याडमिन्टन खेलाडीको मंगलबार अन्तिम टुंगो लागेको छ । पुरुष र महिलातर्फ गरी १४ खेलाडीको छनोट गरिएको हो ।

पुरुषमा नेपाल आर्मी क्लबका दीपेश धामी, एपीएफ क्लबका विकास श्रेष्ठ, आर्मीका रत्नजित तामाङ, आर्मीका नवीन श्रेष्ठ, नेपाल प्रहरी क्लबका विष्णु कट्वाल तथा एपीएफका सुदीप सेढाईं र साजनकृष्ण ताम्राकार शीर्ष सात स्थानमा रहँदै सागका लागि छनोट भए ।

त्यस्तै महिलातर्फ सरादेवी तामाङ, नंसल तामाङ, अमिता गिरी, शिक्षा श्रेष्ठ, जेशिका गुरुङ, मेघा चन्द र अञ्जु राईले सागमा स्थान बनाए । एपीएफकी शिक्षा श्रेष्ठबाहेक सबै आर्मीसँग सम्बद्ध रहेका छन् ।

अन्तिम छनोटमा १० पुरुष र ८ महिला खेलाडीले राउन्ड लिगका आधारमा प्रतिस्पर्धा गरेका थिए ।

सागमा ब्याडमिन्टन नवौं संस्करणदेखि समावेश भएको थियो । नियमित रूपमा सहभागिता जनाउँदै आएको ब्याडमिन्टनले ७ कांस्य जितेको छ ।

एकल स्पर्धामा सुमिना श्रेष्ठले १० औं सागमा कांस्य जितेकी थिइन् । बाँकी ६ कांस्यमा पुरुष/महिला टिम इभेन्टमा बराबर संख्या रहेको छ ।

# कुस्तीतर्फको छनोट सकियो



**काठमाडौं/रास–** भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) का लागि कुस्ती खेलाडीको छनोट सम्पन भएको छ । महिला तर्फ सोमबार नै छनोट सम्पन भए पनि पुरुषतर्फको कुस्ती छनोट भने मंगलबार सम्पन्न भयो ।

१२औं दक्षिण एसियाली खेलकुद तयारी कार्यकारी समितिद्वारा आयोजित राष्ट्रव्यापी खुला कुस्ती छनोट प्रतियोगिताको दोस्रो दिन भएको स्पर्धामा शीर्ष स्थान हात पार्ने ७ पुरुष खेलाडी छनोट भए । ८ महिला खेलाडी तथा एक पुरुष खेलाडि भने सोमबार नै छनोट भएका थिए ।

मंगलबार भएको खेलमा १ सय २५ केजीमा नेपाल आर्मीका सत्येन्द्रप्रसाद यादव प्रतिद्वन्द्वी नपाएपछि स्वतः छनोट भए ।

पुरुषको ५७ केजीमा पर्साका जयमंगल यादव पहिलो हुँदै छनोट हुँदा उनले आर्मीका लोचन महतोलाई पराजित गर्न सफल भए । ६१ केजीमा बाराका रामबाबु यादवले बाराकै प्रमालाल यादवलाई हराउँदै छनोट हुन सफल रहे । ६५ केजीमा पर्साका सरोज यादव पहिलो भए ।

उनले फाइनलमा सिरहाका ज्ञानुकुमार यादवलाई पाखा लगाए । ७० केजीमा आर्मीका वैजनाथ यादव छानिए । फाइनलमा वैजनाथले गोर्खाका नारायण थापा मगरको चुनौती समाप्त पारेका थिए ।

त्यस्तै, ७४ केजीमा आर्मीका भेखराज पण्डित पहिलो भए । फाइनलमा उनले बाराका सन्देश पण्डितलाई निराश पार्दै सागमा आफ्नो स्थान सुरक्षित गरे ।

बाँकेका रमेश गोतामेलाई निर्णायक भिडन्तमा पन्छ्याउँदै १० औं सागका रजतधारी बुनीलाल राउत अहिर ८६ केजीमा छनोट हुन सफल भए । ९७ केजीमा पर्साका सुमिर साह पहिलो भए । फाइनलमा उनले सिरहाका जितेन्द्रप्रसाद यादवलाई पाखा लगाए ।

# सागमा उसुबाट स्वर्ण जित्ने लक्ष्य

**नवीन लुइँटेल/राजधानी**
ललितपुर, १४ पुस

दक्षिण एसियाली खेलकुद प्रतियोगिता सागको १२औं संस्करणमा नेपालले यसपालि उसुतर्फ कम्तीमा पनि दुईओटा स्वर्ण पदक ल्याउने आशा गरिएको छ । नेपाल उसु संघका अध्यक्ष दीपक सरकारले सागमा कम्तीमा २ ओटा स्वर्ण पदक जित्ने दाबी गरे ।

'खेलाडीको प्रदर्शन हेर्दा नेपालले यसपालि कम्तीमा पनि २ ओटा स्वर्ण पदक ल्याउँछ,' उनले राजधानीलाई भने, 'सान्सौंबाट २ ओटा स्वर्ण पदक आउने आशा गरेका छौं ।'

थाउलोतर्फ भने कमजोर रहेको सरकारले बताए । उनले सान्सौंमा पुरुष र महिला दुवैबाट उत्तिकै आशा राखिएको उल्लेख गरे । सान्सौंतर्फबाट पदक आउने बढी सम्भावना भए पनि कुन खेलाडीबाट बढी आशा राखिएको बारे खुलाउन चाहेनन् । दक्षिण एसियामा नेपालले सुरुआत गरेको यो खेलमा अहिले नेपालको प्रतिद्वन्द्वीका रूपमा भारत र अफगानिस्तान रहेका छन् । 'हामीभन्दा अहिले भारत बलियो छ । उनीहरूले लगानी बढाएका छन्,' उनले भने ।

करिब डेढ महिनापछि सुरु हुने सागका लागि खेलाडी छनोटको काम सकिएको छ । छनोट भएका खेलाडीको स्तरवृद्धि र तयारीका लागि संघले वैदेशिक प्रशिक्षण या स्वदेशमा विदेशी प्रशिक्षक भित्र्याएर प्रशिक्षण गर्ने तयारी भएको जनाएको छ । 'हामी सकेसम्म स्वदेशमै विदेशमा हुने सुविधासहित खेलाडीका लागि प्रशिक्षण दिलाउने तयारीमा छौं,' उनले भने ।

संघका कोषाध्यक्ष श्याम तामाङले छनोट चरण भर्खरै सक्काएकाले एक/दुई दिनमै प्रशिक्षणबारे टुंगो लाग्ने बताए । उनले भने, 'छनोटका लागि राष्ट्रिय खेलकुद परिषद्ले ६ लाख रुपैयाँ दिएको र सागको तयारी स्वरूपको प्रशिक्षणका लागि थप १२-१३ लाख राखेपले दिने तयारी भएको छ ।'

२३ माघदेखि ४ फागुनसम्म भारतमा हुने १२औं साग खेलकुदका लागि उसुबाट १७ जना खेलाडीले भाग लिँदै छन् । यो सागमा उसुबाट १० पुरुष र ७ महिला गरी १२ खेलाडीले प्रतिस्पर्धा गर्दै छन् । नेपाल उसु संघद्वारा आयोजित राष्ट्रव्यापी खुला छनोट उसु प्रतियोगताबाट सान्सौंतर्फ ६ पुरुष र ३ महिला गरी ९ खेलाडी छनोट भए भने थाउलोतर्फ समान ४-४ पुरुष/महिला गरी ८ खेलाडी छानिएका हुन् । प्रत्येक स्पर्धामा पहिलो भएका खेलाडी छनोट भएका हुन् । सान्सौं र थाउलो दुवैमा मिलाएर नेपाल आर्मी क्लबबाट सर्वाधिक ८ खेलाडी छनोट भएका छन् ।

सान्सौंको पुरुष ५२ केजीमा १०औं सागका स्वर्ण विजेता भक्तपुरका राजकुमार रसाइली, ५६ केजीमा कैलालीका राजेश चौधरी, ६० केजीमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबका मंगलप्रसाद थारू, ६५ केजीमा बाँकेका सरोज पुन, ७० केजीमा आर्मीका चित्रसिंह ठकुरी तथा ७५ केजीमा काठमाडौंका धनवीर महर्जन छनोट भए ।




*स्विटजरल्यान्डको ज्युरिचमा गत जुलाईमा भएको प्रेस कन्फ्रेन्सको दौरान इंग्लिस कमेडियनले भ्रष्टचारको विरोधमा डलरले प्रहार गरेको यो तस्बिर वर्षको स्पोर्ट्स तस्बिरको शीर्ष स्थानमा रहन सफल रह्यो । भ्रष्टचारले जर्ज बनेको फिफाले अध्यक्ष सेप ब्लाटरलाई आठ वर्षका लागि प्रतिबन्ध लगाइसकेको छ ।*
**तस्बिर : एजेन्सी**

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**